# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



नेपालको लुम्बिनी बनमा राजकुमार सिद्धार्थ (भविष्यको शाक्यमुनि बुद्ध) माता मायादेवीको कोखबाट बैशाख पूर्णिमाकै दिन जन्मनु भएको दृश्य ।

वर्षः ४४, अङ्कः १

बु.सं. २५७०, वैशाख (स्वाँया) पुन्हिः

# २०८२ चैत्र १४ गते, शनिबारका दिन धर्मकीर्ति विहारमा दिनभर महापरित्राण पाठ सम्पन्नको केही झलकहरू



महापरित्राणको महत्त्व विषयमा धर्मदेशना गर्नुहुँदै धम्मवती गुरुमां



सरणागमण-मेत्तसुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू दानवती र मेत्तावती



खन्ध सुत्त-धजग्ग सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू कुसुम र प्रीतिवती



गिरिमानन्द सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अग्गञाणी र ईन्दावती



धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुनन्दावती र वीर्यवती



महासमय सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुमना र जेया श्री



आलवक सुत्त-कसिभारद्वाज सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू अनुपमा र सुजाता



पराभव सुत्त पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू केशावती र अमता

प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोनः ५३५९४६६

सम्पादक

**भिक्षुणी वीर्यवती**

**फोनः ९८४१५३४१०९**

सम्पादन सहयोगी

**भिक्षुणी शुभवती**

**फोनः ९८४१३२९००५**

व्यवस्थापकहरू

**ध्रुवरत्न स्थापित**

फोनः ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोनः ९८४१४३४५७२

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघः टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोनः ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५७०

नेपाल सम्बत् ११४६

इस्वी सम्बत् २०२६

बिक्रम सम्बत् २०८३

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

## 2570 BAISAKH FULL MOON DAY

## २५७० औं वैशाख पूर्णिमा

**1st MAY 2026**


| वर्ष- ४४ | अङ्क- १ | वैशाख (स्वाँया) पुन्हि | बैशाख २०८३ |
|---|---|---|---|





★ **जयं वेरं पसवति – दुक्खं सेति पराजितो**
**उपसन्तो सुखं सेति – हित्वा जय पराजयं**

★ **त्याःम्ह व्यक्तिया ल्यू वैरी दयावई, बूम्ह व्यक्तिया मनय् दुःख ज्वी। त्याःबू तोताः शान्तपूर्वक च्वनेसःम्ह व्यक्ति सुखपूर्वक दयनी।**

★ **विजय भएका व्यक्तिको पछाडि वैरभाव गर्ने व्यक्तिहरू उत्पन्न हुन्छन्, पराजित व्यक्तिको मनमा दुःख उत्पन्न हुन्छ, तर जय र पराजय भाव त्याग्न सक्ने व्यक्तिले शान्तपूर्वक, सुखपूर्वक र सन्तोषपूर्वक जीवन बिताउन सक्षम हुन्छ।**

★ Victory breeds hatred for the conquered is unhappy. He who has given up both victory and defeat, he is contented and happy.

## ▪ सम्पादकीय ▪

# २५७० औं बैशाख पूर्णिमाको शुभकामना

विभिन्न १२ वटा पूर्णिमाहरूको आ-आफ्नै महत्व रहेका छन् । ती मध्ये बैशाख पूर्णिमाको त अझ विशेष महत्व रहेको छ । बुद्ध जीवनी अध्ययन गर्दै जाँदा यस महत्वपूर्ण दिनमा बुद्धको जीवनसंग सम्वन्धित ५ वटा घटनाहरू घटेका देखिन्छन् । त्यसैले यस बैशाख पूर्णिमालाई ५ संयोग जुरेको दिनको रूपमा लिन सक्छौं । यी ५ महत्वपूर्ण घटनाहरूलाई यहाँ उल्लेख गरौं ।

**१) दीपंकर बुद्धले सुमेध तपस्वीलाई बुद्ध हुनेछौ भनी घोषणा गर्नुभएको दिन :**

बुद्ध वंशमा उल्लेखित २८ जना बुद्धहरू मध्ये तण्हंकर, मेधंकर, शरणंकर बुद्ध पश्चात् चौथौं नम्बरको दीपंकर बुद्धको जीवन कालमा शाक्यमुनी बुद्ध बन्ने व्यक्ति सुमेध तपस्वी हुनुहुन्थ्यो । सुमेध तपस्वीले दीपंकर बुद्ध समक्ष भविष्यमा उहाँ पनि बुद्ध हुने इच्छा व्यक्त गर्नुहुँदा दीपंकर बुद्धले आफ्नो ज्ञान चक्षुबाट हेर्नुभएको अवस्थामा सुमेध तपस्वीले बोधिसत्त्व पारमिता पूरा गर्नुहुँदै ४ असंख्य र १ लाख कल्पपछि शाक्य मुनी बुद्धको नामले बुद्ध हुनसक्ने क्षमता संगालिसकेको हुँदा उहाँ अवश्य पनि बुद्ध हुनेछ भनी भविष्यवाणी गर्नुभएको कुरा उल्लेख गरिएको छ । त्यसैले शाक्यमुनी बुद्ध दीपंकर बुद्ध पश्चात् ४ असंख्य र १ लाख कल्प पछि २३ जना अन्य विभिन्न बुद्धहरू पछि २८ नम्बरको बुद्ध बन्न सफल हुनुभयो । यसरी सुमेध ऋषि (भविष्यको शाक्य मुनी बुद्ध) लाई दीपङ्कर बुद्धले अवश्य पनि बुद्ध हुनेछौ भनी नियत व्याधी गर्नुभएको दिन बैशाख पूर्णिमाकै दिन भएको बिषयलाई बुद्ध वंशमा उल्लेख गरिएको पाइन्छ ।

**२) लुम्बिनी बनमा सिद्धार्थ कुमारको जन्म :**

दीपंकर बुद्धबाट बुद्ध बन्ने छौ भनी घोषणा भइसकेपछि बोधिसत्व चर्या पूरा गर्नुहुँदै पारमिता धर्म निभाउँदै कैयौं जन्म पश्चात् उहाँ चार असंख्य र १ लाख कल्पपछि आजभन्दा २६१५ वर्ष अगाडि बैशाख पूर्णिमाकै दिन लुम्बिनी उद्यानमा मायादेबीको कोखबाट कपिलवस्तका राजा सुद्धोदनको प्रथम पुत्रको रूपमा जन्मनु भयो ।

**३) बुद्धगयामा बोधिज्ञान प्राप्त गरी सम्यक सम्बुद्ध हुनुभएको दिन :**

राजकुमार सिद्धार्थले आफू स्वयं सांसारिक दु:खबाट मुक्त हुने र दु:ख भोगिरहेका मानिसहरूलाई उक्त दु:खबाट मुक्त गर्ने उद्देश्य लिई २९ वर्षको उमेरमा गृहत्याग गरी ६ वर्षसम्म कठोर दु:ख गरी ज्ञानको खोजीमा लाग्नुभयो । ६ वर्ष पछि उहाँले ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्ष मुनि बोधिज्ञान प्राप्त गरी सम्यक सम्बुद्ध बन्न सफल हुनुभयो । यो दिन पनि बैशाख पूर्णिमाकै दिन थियो ।

**४) बुद्ध हुनुभएपछि सर्वप्रथम कपिलवस्तु पुग्नु भएको दिन :**

राजकुमार सिद्धार्थ सम्यक सम्बुद्ध हुनुभएपछि प्रथम पटक उहाँ आफ्ना बुबा शुद्धोदन महाराजको निमन्त्रणा स्वीकार गर्नुभई फागु पूर्णिमाको दिन राजगृह नगरबाट पैदल यात्रा गर्नुभई २ महिना पश्चात् बैशाख पूर्णिमाकै दिन कपिलवस्तु पुग्नु भएको थियो ।

**५) ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभएको दिन :**

शाक्यमुनि बुद्धले आफूले प्राप्त गर्नुभएको अमूल्य ज्ञान ४५ वर्षसम्म गाउँ नगर घुम्दै बढी भन्दा बढी मानिसहरूलाई ज्ञान सिकाउँदै ज्ञान प्रचार गर्नुभयो । ८० वर्षको बृद्ध अवस्थामा कुशीनगर स्थित दुईवटा शाल वृक्षको बीचमा महापरिनिर्वाण हुनुभयो । यो दिन पनि बैशाख पूर्णिमाकै दिन थियो ।

शाक्यमुनि बुद्धको जीवनमा घटेका यी ५ महत्वपूर्ण घटनाहरू सबै बैशाख पूर्णिमाकै दिन परेकोले यस पाँच संयोगले भगवान् बुद्धले प्राप्त गर्नुभएको अमूल्य ज्ञान चार आर्य सत्य र आर्य अष्टांगिक मार्गको महत्वलाई औंल्याइरहेको छ । किनभने भगवान् बुद्धले यही ज्ञानको लागि ४ असंख्य र १ लाख कल्पसम्म पारमिता पूरा गरी ६ वर्षसम्म दुष्करचर्या गर्नुभएको थियो ।

त्यसैले आज हामीले २५७० औं बैशाख पूर्णिमा मनाइरहनुको तात्पर्य नै यस अमूल्य ज्ञान अनुसार आफ्नो जीवनलाई ढाल्नसक्नु परेको बुझिन्छ । जसले यस ज्ञानलाई अध्ययन र अभ्यास गर्न सक्नेछ, उसले ठीक तरिकाले बैशाख पूर्णिमा मनाइएको ठहरिनेछ । ठीक तरिकाले बुद्ध शिक्षालाई पालन गरी २५७० औं बैशाख पूर्णिमा मनाउन सकौं । सबैमा धर्मकीर्तिको यही शुभकामना रहेको छ ।

भवतु सब्ब मंगलम् ।

# विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - २५७० औं बैशाख पूर्णिमाको शुभकामना | – | २ |
| ३) | आवरण चित्र परिचय-जन्म | – | ४ |
| ४) | धर्म किन अपनाउनु पऱ्यो ? | – सत्यनारायण गोयन्का | ५ |
| ५) | सधैं सम्झनुपर्ने तीन कुराहरू | – भिक्षु अश्वघोष | १० |
| ६) | अलीन चित्त जातक | – धम्मवती गुरुमां | ११ |
| ७) | कुरुधम्म जातक | – वीर्यवती | १४ |
| ८) | रोग हुनु र निको हुनुमा मन नै मुख्य हो | – | १६ |
| ९) | श्रमण नारद – श्रीयुत्त नाथुराम प्रेमी, अनु. प्रकाश वज्रचार्य | | १८ |
| १०) | आचार्य दीपंकर श्रीज्ञान | – रत्नसुन्दर शाक्य | २१ |
| ११) | अष्टमहास्थन बौद्ध तीर्थाटन २०८२ नियात्रा संस्मरण | – प्रदिप शाक्य 'घोषक' | २५ |
| १२) | ओम् मणि पद्मे हुँ | – प्रेमलक्ष्मी तुलाधर | २८ |
| १३) | बौद्ध चारधाम तीर्थ यात्रा | – अनार शोभा कंसाकार | ३० |
| १४) | आर्य अष्टाङ्गिक मार्ग | – प्रमिला तण्डुकार | ३२ |
| १५) | श्रद्धेय भिक्षु सिङ्ग युनका धर्म चिन्तन | – अनु. देवकाजी शाक्य | ३४ |
| १६) | धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना | – | ३५ |
| १७) | धर्मकीर्ति पत्रिकाका विशेष सदस्य | – | ३५ |
| १८) | Boddhisattvabhumi: The Lumbini Garden | – Lekh Ratna Shakya | ३६ |
| १९) | Commitment in Kushinagar | – | ३७ |
| २०) | Vattaka Jātaka The Baby Quail | – Ken & Visakha Kawasaki | ४० |
| २१) | Are Buddhists Idol Worshippers? | – K. Sri Dhammanan | ४२ |
| २२) | The Aphorisms of Ashin Janakabhivamsa | – Compiler Ven. U Kusala | ४४ |
| २३) | मांः बाः यागु गुण लुमन्ति | – रामकृष्ण सानायो | ४५ |
| २४) | पञ्चशील | – बाबुकृष्ण डंगोल | ४६ |
| २५) | मनू जन्मजुयाः थुइके मागु खँ | – मचाकाजी महर्जन | ४६ |
| २६) | धर्मकीर्ति समाचारहरू | – | ४७ |
| २७) | अनित्य ज्ञान | – नातीकाजी महर्जन | ४९ |
| २८) | आशक्तिको अन्त्य नै मध्यम मार्ग | – विद्याकुमारी बज्राचार्य | ५४ |

आवरण चित्र परिचय

# जन्म

✍ **आचार्य सत्यनारायण गोयन्का**
भावानुवाद - **वीर्यवती**

गर्भवती भएको दश महिना पूरा भएपछि महारानी महामायादेवीले आफ्नो माइती देवदह जाने इच्छा व्यक्त गरिन् । उनको ईच्छा पूरा गरिदिनका लागि महाराजा शुद्धोधनले उनको यस प्रस्तावलाई स्वीकृति प्रदान गरे । आठवटा श्वेत घोडाहरूले तानिएको एक आरामदायी रथमा महारानीलाई साथमा राखी उनीलाई बिदाई गर्नका लागि आधा योजनसम्मको बाटोमा महाराजा स्वयंले पुऱ्याउन गए । त्यहाँ पुगी महारानी महामायालाई पालकीमा बसाली आफू कपिलवस्तु फर्के । महारानी महामायादेवीसंग अनेक मन्त्रीहरू र दास-दासीहरूसंगै साथलागेका थिए ।

देवदेह पुग्नु अगाडिको मार्गमा सुन्दर-सुन्दर फुलहरू लटरम्म फुलेको लुम्बिनीको शालबन पर्थ्यो । त्यहाँ पुगिसकेपछि महारानीले पालकीबाट उत्री उक्त रमणिय बनको नैसर्गिक वातावरणको आनन्द लिने निर्णय गरिन् । त्यसैले उनी लुम्बिनीको यस रमणिय बनमा डुलिन् । केहीबेर टहलिसकेपछि उनीले एक सुन्दर फुलले भरिएको लतालाई दायाँ हातले समाती आफूतर्फ तानिन् । यतिखेर नै उनलाई प्रशव वेदना हुनथाल्यो । सेविकाहरूले उक्त स्थानमा घेरा लगाई कोठा बनाइदियो । दासीहरू सबै महारानीको सेवामा जुट्न थाले । केही बेरपछि नै शिशुको जन्म भयो । भरखर जन्मेका उक्त शिशु अगाडि उभिएर घोषणा गर्दै भन्नथाले –

१) **अग्गो हमस्मिं लोकस्स -**
अर्थात् म यस लोकमा अग्र छु ।

२) **जेट्ठो हमस्मिं लोकस्स -**
म यस लोकमा जेष्ठ छु ।

३) **सेट्ठो हमस्मिं लोकस्स -**
म यस लोकमा श्रेष्ठ छु ।

यो उहाँको सत्य वचन हो । किनभने त्यस समयसम्म उहाँले जस्तै दसौं पारमिता पूर्ण गर्न सक्ने व्यक्ति यस लोकमा जन्मेका थिएनन् । त्यसैले उहाँ यस लोकका प्राणीहरू मध्ये अग्र, जेष्ठ र श्रेष्ठ हुनुहुन्थ्यो ।

उहाँले फेरि यसरी घोषणा गर्नुभयो–

४) **अयमन्तिमा जाति -**
यो मेरो अन्तिम जन्म हो ।

५) **नत्थिदानि पुनब्भवोति -**
अब मेरो अर्को जन्म हुने छैन । यी सबै सत्य घोषणा थिए ।


लुम्बिनी


बोधगया


सारनाथ


कुशीनगर

# धर्म किन अपनाउनु पऱ्यो ?



✍ सत्यनारायण गोयन्का

*(पूज्य गुरूजी श्री सत्यनारायण गोयन्काजीद्वारा महाराष्ट्रको शहर नासिकमा रहेको "रमाबाई आंबेडकर गर्ल्स हाई स्कूलमा" सन् १९९८ मा दिनु भएको तीन दिवसीय धारावाहिक प्रवचनको दोस्रो दिनको प्रवचन)*

नासिक तिर्थ भूमिका प्रबुद्ध नागरिकहरू, धर्म प्रेमी सज्जन तथा सन्नारीहरू !

हिजोको धर्म सभामा धर्म के हो भन्ने बुझ्ने कोशिश गऱ्यौं । धर्मको नाममा कहीं नफसुन् । धर्मको शुद्ध स्वरूपलाई, धर्मको सारलाई बुझौं र धर्मको नाममा जुन बोक्रा छ त्यसलाई पनि बुझौं, ताकि सारलाई अपनाऔं र बोक्रा चिनेर फ्याकौं । धर्मको सार अत्यन्त सरल छ, स्वच्छ छ । हामीले नबुझेर त्यसलाई फसाउँछौं । निर्मल चित्तको तरंग नै धर्म हो । मैलो चित्तको तरंग नै अधर्म हो । चित्त निर्मल भएमा हाम्रो बोली र शरीरद्वारा गरिने काम सबै आफै निर्मल हुन पुग्छ । चित्त मैलो भएमा राग, द्वेष, ईर्ष्या, अहंकार जाग्थ्यो, वासना, भय, मात्सर्य आदि कुनै पनि विकार उत्पन्न भयो भने मन मैलो भयो । यस्तो मनले मुखबाट बोले पनि अथवा शरीरद्वारा कुनै काम गरे पनि अशुद्ध नै हुन पुग्छ, जुन सबैका लागि हानिकारक बन्दछ । यसले अरूलाई पनि हानि गर्दछ र आफूलाई पनि हानि गर्दछ ।

आफ्नो चित्त शुद्ध राख्ने ब्यक्ति सहज पूर्वक सदाचरणको जीवन यापन गर्दछ । यस्तो ब्यक्तिलाई कुनै प्रयत्न गर्नु आबश्यक नै पर्दैन । चित्त निर्मल हुनुको आफ्नै स्वभाव छ– त्यस्तो चित्तमा अनन्त मैत्री हुन्छ, अनन्त करूणा, अनन्त मुदिता र उपेक्षाले भरेको हुन्छ अर्थात् समता भावले भरेको हुन्छ । यो निर्मल चित्तको सहज स्वभाव हो । जब मन मैत्री करूणा, सद्भभावनाले भरेको हुन्छ तब कोही ब्यक्ति आफ्नो मुखबाट अन्य प्राणीको हानी हुने, अन्य प्राणीको सुख, शान्ति भंग हुने, अन्य प्राणीको अमंगल हुने, अन्यलाई मन दुख्ने वाणी कसरी बोल्न सक्ला ? यस्तो शब्द उसको मुखबाट कदापी निस्किदैन । मन मैत्री, करूणा, सद्भावनाले भरेको छ भने उनको मुखबाट प्रेमका वचन नै निस्किन्छ, सदभावका बोली नै बोल्दछ, मीठो बोली नै बोल्दछ । कसैलाई चोट पुग्ने बोली बोल्न नै सक्दैन ।

त्यस्तै शरीरबाट पनि त्यस्तो कर्म गर्न सक्दैन, जुन कर्मको कारण अन्य कसैको सुख शान्ति भंग हुन जान्छ, अन्यको अमंगल हुन जान्छ, अन्यको हानी हुन जान्छ । यस्तो ब्यक्तिले अरूको हत्या कसरी गर्छ, अन्यको सामान कसरी चोर्छ, कसरी लुट्छ । कसरी ब्यभिचार गर्दछ यस्तो काम गर्न नै सक्दैन । जीवनमा धर्म आयो भने जीवन जिउन सिक्दछ । मान्छे जब आफ्नो चित्त निर्मल गर्दछ तब आफ्नो आचरण सुधार गर्दछ तब अन्य मानिसहरूको नराम्रो हुन नै दिंदैन, न आफ्नो नराम्रो हुन दिन्छ । जब बोली वा शरीर द्वारा कुनै दुष्कर्म गर्दछ पहिला आफ्नो अमंगल गर्दछ, अरूको हानी त पछि मात्र हुन्छ । जब अन्तरमुखी भएर आफू भित्रको सत्य थाहापाउने विद्या सिक्दछ तब स्पष्ट थाहा हुन थाल्छ पहिला आफ्नो हानी नगरी अन्यको हानी हुन नै सक्दैन किनकी पहिला आफ्नो मनमा बिकार नआई यस्तो दुष्कर्म गर्न सक्दैन । मुखबाट कटु शब्द क्रोधको शब्द, झूठ आदि बोल्न पहिला आफ्नो मन दुषित गर्नुपर्छ । मनमा विकार जाग्ने बित्तिकै ब्याकुल हुन पुग्छ, यो प्रकृतिको नियम हो । भारतको पुरानो भाषामा यसैलाई धर्म भनिन्थ्यो ।

जब मानिस भित्र हेर्न थाल्दछ तब प्रकृतिको, विश्वको नियम धर्मको नियम आफ्नो अनुभवमा महसूस हुन थाल्छ । यो यस्तो कानून हो जुन सबैमा लागू हुन्छ,

यसले कसैलाई पक्षपात गर्दैन, कसैलाई छोड्दैन । कानून बिगार्ने बितिक्कै दण्ड पाउँछ। कानून अनुसार जीवन ढाल्ने बित्तिक्कै तुरून्त सुख पाउँछ, शान्ति पाउँछ । मरे पछि के हुन्छ के प्राप्त हुन्छ त्यो आफ्नै ठाउँमा छ तर यहाँ के हुँदैछ ?

शुद्ध धर्मको मार्गमा अगाडि बढेको हरेक पाईलाले हामीलाई सुख शान्ति नै दिन्छ। भित्र सुख-शान्तिको नामोनिशान छैन तै पनि हामी आफूलाई धार्मिक भन्दैछौं भने धेरै ठूलो नोक्सान गरि रहेछौं । यस्तो कर्म काण्ड पूरा गऱ्यो, यस्तो दार्शनिक मान्यता मान्यो । त्यस्तो चाड-पर्व मनायौं, त्यस्तो उत्सव मनायौं, यस्तो गर्दैमा आफूलाई ठूलो धार्मिक ब्यक्ति भन्दै हिँड्छ। ओहो ! आफू जस्तो धर्मवान को छ ? जब कि बिचरा त्यो ब्यक्तिसंग धर्मको एक थोपा अंश पनि छैन। किनकि उसले आफ्नो मन सफा गर्ने कुनै काम गरेको नै छैन। मनको माथिल्लो तहमा विकार सफा गर्नाले केही समयको लागि राहत पाइन्छ तर अन्तरमनको गहिराईसम्म जुन संग्रह बोकिरहेका छौं । जसको कारण हाम्रो मनको स्वभाव नै त्यस्तै बनिसक्यो कि जब हेर भित्र विकार नै बनाउँदैछ, जहिले पनि विकार बनाउँदैछ। अलिकति सुख भयो कि राग जाग्यो, आसक्ति जाग्यो; अलिकति दुःख भयो कि द्वेष जाग्यो दुर्भावना जाग्यो यस्तो स्वभाव नै बनिसक्यो ।

त्यस्तो स्वभावलाई कसरी बदल्ने ? मनको माथिल्लो सतहलाई बदल्नु सजिलो छ। यसका लागि अनेक तरिकाहरू पाईन्छन्। ठीक नै छ, कमसेकम माथिल्लो सतहलाई सुधार्न सकियो, बुद्धि, सुधार्न सकियो । यहाँसम्म ठीक छ तर जरासम्म सुधार गर्नुपऱ्यो । यदि साँच्चिकै धर्मको जीवन जिउने हो भने सतहमा मात्र होइन जरासम्म सुधार्नु पर्छ। बाहिर–बाहिरबाट आफूलाई सुधार गर्नु ठीक छ तर भित्री तहसम्म सुधार नगरी हाम्रो सही कल्याण भने हुँदैन । यसको लागि यो अत्यन्त पूरानोमार्ग हाम्रो सामू छ। अब भित्री तहसम्म आफ्नो चित्तलाई निर्मल गर्न सकिन्छ ।

भित्रको सत्यलाई निरीक्षण गर्न सकिने यो तथागतको अत्यन्त पुरानो विद्या हो। जब भित्रको सत्यलाई थाहापाउँदै जान्छौं तब प्रकृतिको नियम स्पष्ट हुँदै आउँछ। पहिलेका सन्तहरूले यस्तै गरे, अन्तरमुर्खी भएर आफू भित्र विद्यमान सत्यलाई नियाले, ऋत-नियमलाई जाने तब नै ऋषी भनियो । मौन रहेर भित्रको अनुसन्धान गरे, भित्रको वास्तविक सत्य खोजे तब नै मुनि भनियो । उहाँहरूले अनुसन्धान गरे कि ऋत के हो ? प्रकृतिको कानून, विश्वको विधान, संसारको नियम के हो ? यसैलाई धर्म भनियो ।

समय बित्दै जाँदा बिर्सिंदै गयो, माथिल्लो कुरालाई मात्र अपनायो र त्यसैलाई धर्म मानिन थाल्यो। भित्र जरासम्म मनलाई शुद्ध गर्ने काम बिर्सिए। तर सही अर्थमा सन्त भएका ब्यक्तिहरूले यसलाई कायम राखे। अन्तरमुखी भएर भित्र हेर्न थालेपछि त प्रकृतिको सम्पूर्ण नियम थाहा पाउँदै आयो। यस्तै भारतको एक जना सन्तले लेखेकोछ–

"हुकुमि रजाई चलणा, नानक लिखिआ नालि ॥"

"हुकुमि रजाई चलणा"

के को हुकुम, के को रजाई-मनमानी यस प्रकृतिको यस संसारको या भनौं परमात्माको, अल्लाह मियाको; उनीहरू आखिरमा के चाहन्छन् ? उनीहरूको हुकुमलाई बुझ र त्यस अनुसार अघि बढ। जब भित्रको सत्य जान्दछ तब ज्ञान हुन्छ कि के को हुकुम, के को रजाई ? हुकुम वा रजाई यही कि आफ्नो मन मैलो नगर्नु। जब मैलो गर्न थाल्छ तब दण्ड पाउँछ। यसबाट कोही बच्न सक्दैन। अलिकति रिसाएर हेर्नु, कति ब्याकुल हुन्छ। आसक्ति आयो भने पनि हेर्नु कति ब्याकुल हुन्छ। भय वा अहंकार जगाएर हेर्नु कति ब्याकुल हुन्छ। प्रकृति यही चाहन्छ कि आफ्नो मैलो नगर्नु अन्यथा तिमीले दण्ड भोग्नु पर्ला ।

यस्तो नियम कहाँ लेखको छ ? किताबमा होइन। यस प्रकारको प्रवचन सुनेर प्रकृतिको नियमलाई बुझ्न सक्दैन। ती सन्तहरूले अन्तरमुखी भएर आफू भित्र पढे कि साँच्चैको सत्य के रहेछ "नानक लिखिआ नालि" - हामी भित्र लेखेको छ, बाहिर के हेर्छौ। बाहिर हेरेर बुद्धिलाई केही हदसम्म निर्मल गर्न सकिएला तर अन्तरमनको गहिराईसम्म निर्मल गर्न सक्दैन। यसको लागि अन्तरमुखी हुनुपर्छ ।

यो विद्यालाई विपश्यना भनिन्छ । यसैलाई सत्य-दर्शन, ऋत-दर्शन भनिन्थ्यो । भित्रको नियमलाई आफ्नो अनुभवले बुझ्नु र त्यस अनुरूप जीवन ढाल्नु, यही धर्म हो । त्यस्तो ब्यक्तिले आफूलाई चाहे जुन नामले सम्बोधन गरेपनि केही फरक छैन । जुनसकै मत मान्ने भएपनि, जुनसुकै लुगा लगाए पनि केही फरक हुँदैन । यदि आफ्नो मनलाई सुधार गर्ने काममा लाग्यो भने, कल्याणको काम भयो । साँच्चैको धर्म हो भने त्यसले कसैलाई सम्प्रदायमा बाँधिदैन । त्यो त सार्वजनिन हुन्छ , सार्वदेशिक हुन्छ, सार्वकालिक हुन्छ । जुनसुकै देशको होस्, जुनसुकै समयको होस्, जहाँ सुकैको मान्छे होस्, केही फरक पर्दैन । जसले धर्म अपनायो उसैलाई फाईदा हुन्छ । धर्म आज अपनायो तर त्यसको फल मरेपछि प्राप्त हुने हो भने के फाईदा ? कसले देखेको छ मरेपछि प्राप्त भएको ? कसले भन्न आएको छ मरेपछि के भयो ? मरेपछि नराम्रो होला भन्न सक्दिन तर धारण गरेपछि राम्रो हुन्छ त्यो चाहिं सत्य हो । पहिला यस जीवनमा त राम्रो होस् । कसरी राम्रो हुन्छ ? अन्तरमुखी भएर चित्तलाई निर्मल गर्ने काम नै गरेन भने कसरी सुधार हुन्छ ? यो जीवन, यो लोक सुधारिएन भने परलोक कसरी सुधारिन्छ ? अगाडिको जीवन कसरी सुधारिन्छ ? वर्तमान सुधारिएन भने भविष्य कसरी सुधारिन्छ ?

यो विद्या २६०० वर्ष पहिला यसै देशको विद्या हो, अब फेरि यो विद्या फष्टाएको छ । फेरि एक पटक यो विद्यालाई स्वीकार गरेको छ। ऐतिहासिक तर एउटा रमाईलो कथा छ । यस प्रदेशमा यो विद्या कसरी आयो । विपश्यना विद्या त हजारौं वर्ष पुरानो विद्या हो, तर यो लुप्त भएको थियो । २६०० वर्ष पहिला एकजना महापुरुषले यो विद्या खोजी निकाल्यो । यस विद्याले आफ्नो कल्याण गर्‍यो र अरूलाई करूण चित्तले बाँडिदिनु भयो । यसबाट लोक कल्याण होस् भन्ने अभिप्रायले मानिसहरूलाई बिद्या बाँडिदिनु भयो । जहाँ हेर मानिसहरू दुःखी छन्, कसै लाई कुनै कुराको दुःख कसैलाई कुनै कुराको दुःख । आज यस कुराको दुःख त भोली अर्को कुराको दुःख सबै दुःखी नै दुःखी । यी कल्याणकारी विद्या मानिसहरूले पायो भने आ-आफ्नो दुःखबाट बाहिर निस्किन्छ । किनकि मनको मैलो निस्कियो भने नै चित्त निर्मल हुन्छ ।

पहिलो घटना

यस प्रदेशमा एकजना ब्यापारी, उनको नाम पूर्ण थियो । यी ब्यापारी भगवानको समयमा ब्यापार गर्न कोशल प्रदेशमा गए । त्यस समयको ब्यापारीहरू एक ठाउँबाट सामान किनेर अर्को ठाउँमा बेच्दथे । त्यस समय कोशल प्रदेशको राजधानी श्रावस्ती भारतको सबै भन्दा घना आवादी भएको सम्पन्न शहर थियो । यो पूर्ण नामको ब्यक्ति श्रावस्तीमा भगवानको सम्पर्कमा आए । भगवानको बारेमा सुने पछि भेट्ने इच्छा भयो, चित्त निर्मल गर्ने विद्या पाए पछि त अरू के चाहियो, उनले भगवान्संग यो विद्या सिके र खूब अभ्यास गरेर परिपक्व भए ।

जब परिपक्व हुन्छ तब त्यसै रहन सक्दैन, जो ब्यक्तिले अमृतको स्वाद चाखिसक्यो जसले सही सुख शान्ति महसूस गरिसक्यो, यस्तो सुख-शान्ति अरूले पनि पावस् भन्ने चाहन्छ । त्यसैले उनले भगवान बुद्धसंग आफ्नो घर फर्कन आशीर्वाद लिन गए । यो कल्याणी विद्या आफ्नो देशका निवासीलाई सिकाउन चाहन्थे । भगवान मुस्कुराउनु भयो, उहाँ पूर्णको जाँच लिन चाहनु हुन्थ्यो त्यसैले उहाँले प्रश्न गर्नुभयो कि पूर्ण तिमी आफ्नो देशका निवासीहरूको स्वभाव जान्दछौ होइन ? हो भगवान म त्यहीं जन्मेको हुँ, त्यहीं हुर्केको हुँ, सबै राम्ररी ज्ञान छ ।

तिम्रो देशका निवासी ज्यादै रिसाहा छन् यदि तिमीले कुनै नयाँ कुरा गर्यौ भने तिमीलाई उनीहरूले छोड्दैन । भगवान, म जान्दछु । अब मलाई आज्ञा दिनुहोस् कि मेरो देशका मानिसहरू उग्र स्वभावका पनि छन् तर त्यत्तिकै समझदार पनि छन् । उनीहरूले सत्य थाहापाए पछि यस शिक्षालाई ग्रहण गर्नेछन् । भगवान् मलाई आज्ञा दिनुहोस् । भगवान् उनको परीक्षा लिन चाहनु हुन्थ्यो । ठीक छ, जब तिमी त्यहाँका मानिसहरूलाई तिमीहरूको सारा कर्मकाण्ड एक ठाउँमा राख्नु, आफ्नो भित्रको सत्य हेर्नु, आफ्नो मनको विकार निकाल्ने काम सिक्नु भन्यौ भने उनीहरू तिमीलाई रीसले गालि दिनेछन्, तब के गर्छौ ?

भगवान् ! म उनीहरूलाई हात जोडेर भन्नेछु

कि तिमीहरू कति असल छौ मलाई गालि मात्र गऱ्यौ अरूले भए ढुङ्गाले हिर्काउने थियो, तिमीहरूले ढुंगाले त हिर्काएनौ ।

- यदि उनीहरूले ढुङ्गाले हान्न थाले भने तिमी के गर्छौ ?
- तब हात जोडेर भन्छु कि तिमीहरू कति असल छौ अरूले भए लट्ठीले हिर्काउँथ्यो, तिमीहरूले त ढुंगाले मात्र हान्यौ । तिमीहरू असल छौ ।
- यदि लट्ठीले हान्न थाले भने ?
- तब यही भन्छु कि तिमीहरू कति असल छौ । अरूले भए तरवारले काट्थ्यो होला । तिमीहरूले त मेरो अंग काटेनौ । तिमीहरू कति असल छौ ।
- यदि तिम्रो अंग काट्न थाले भने ?
- तब यही भन्छु कि, अरूले भए ज्यान लिन्थ्यो, तर तिमीहरूले त मेरो अंग मात्र काट्यौ, तिमीहरू कति असल छौ ।
- यदि उनीहरूले तिम्रो ज्यान लिन थाल्यो भने ?
- तब पनि यही भन्छु कि, संसारमा यति धेरै दुःखी छन् कि मानिसहरू आत्महत्या गर्छन् । आत्महत्या गर्नु ठूलो पाप हो । तिमीहरूले मलाई आत्महत्या गर्नबाट बचायौ, मलाई मार्दैछौ । तिमीहरू कति असल छौ ।
- पूर्ण तिमी एकदम परिपक्व भयौ, अब सिकाउन लायक भयौ, जाऊ तिमी फर्क ।

यस कुराको हामीसंग इतिहास छ, यसको प्रमाण छ तर यो व्यक्ति यहाँ आएर कति समस्याको सामना गर्नुपऱ्यो त्यो थाहाछैन । तर यहाँका मानिसहरूले कसरी उनको साथ दिए भन्ने प्रमाणित छ । यहाँको सारा क्षेत्र विपश्यना गर्ने तपोभूमि बन्यो । यहाँका कठोर चट्टानको पहाड काटेर तपस्या गर्ने स्थान बनाए - यस्को प्रमाण त आजसम्म विद्यमान छ । पूर्ण सफल भए । साँच्चै यहाँका मानिस समझदार छन् बुझ्नुपर्ने कुरा गरेको छ भने स्वीकार गर्दछन् । झगडा गर्ने कुरा भन्यौ भने मान्ने छैन ।

करिब एक हजार वर्ष पहिला चीन देशको एकजना यात्रीले यस ठाउँको भ्रमण गरेका थिए, उनले यस ठाउँका मानिसहरू अत्यन्त वीर हुन्, योद्धा हुन्, उग्र स्वभावका हुन् भनेका छन् । छिटो रिसाउने स्वभावका छन् । यदि उनीहरूले बुझे भने राम्ररी साथ दिने स्वभावका छन् । यो यस देशको गुण हो । यसै गुणको कारण 'पूर्ण'को कुरालाई उनीहरूले बुझे, स्वीकार गरे र विपश्यनाको आरम्भ हुन गयो होला भन्ने अनुमान गर्न सकिन्छ भारतको पैठनदेखि नासिकसम्म र नासिकदेखि नालासोपारासम्म तपश्याको भूमि बन्न गयो । त्यस समय नालासोपारा "सुप्पारक पत्तन" नामको बन्दरगाह थियो, जस्तो आजकल मुम्बई छ । त्यस समय त्यो अन्तर्राष्ट्रिय व्यापार केन्द्र थियो ।

दोस्रो घटना–दारूचीरिय

यसै सुप्पारक पत्तनमा तपस्या गर्ने एकजना तापस, अत्यन्त गहिरो ध्यान गरे तर जहाँ पुग्नु पर्ने पुग्न सकेन, विकारको जरा निकाल्न सकेन । उसले भारतको उत्तर प्रदेश तिर एकजना महापुरुषले अन्तरमुखी रहेर विकारको जरासम्म निकाल्ने विद्या खोजी निकालेको थाहापाए । उहाँ स्वयं विकारबाट मुक्त भएर, जीवन मुक्त भए जन्म मरणको भवचक्रबाट मुक्त भए, भव मुक्त भए भन्ने पनि थाहापाए । यसैको लागि नै मैले पनि घरबार छोडेको, सन्यासी भएको हुँ । त्यसैले उनी पनि भगवानलाई भेट्न गए । उमेरमा बूढो व्यक्ति श्रावस्तीसम्म पुगे । भगवानसंग, भेटेर विद्या सिके र थोरै समयमा नै उच्च अवस्था प्राप्त गरेर अरहन्त भए, जीवन मुक्त भए । जन्म मरणको चक्करबाट मुक्त भए । तर उनी महाराष्ट्रमा फर्केर यहाँका मानिसहरूलाई केही सिकाउन पाएन, किनकी उनको त्यहीं मृत्यु भएको थियो ।

तेस्रो घटना – बावरी

कोशल देशको महाराजा महाकोशलका महामन्त्री तथा प्रमुख राजपुरोहित ब्राह्मण 'बावरी' उमेर पाकेपछि पैठनमा आएर धर्मको अभ्यास गर्न बसे । किनकि यहाँ हजारौं बर्षदेखि नै गोदावरी नदीको यस पवित्र तटमा टाढा-टाढा देखि मानिसहरू आएर तपस्या गर्दथे, तपस्या गर्न आउँथे । त्यसैले त्यस समय यस क्षेत्रलाई प्रतिष्ठापन भनिन्थ्यो । किनकि यहाँ यज्ञ गर्नेहरू यज्ञ गर्न, तप गर्नेहरू तपश्या गर्न, साधना गर्नेहरू साधना गर्न आउँथे । यी बावरी ब्राह्मण पनि बूढो उमेरमा यहाँ आएर अग्निहोत्र

यज्ञ गर्न थाले, ध्यान गर्न थाले । उनले पनि उत्तर भारतमा कोही ब्यक्तिले विपश्यना पद्वति खोजि निकालेका छन् भन्ने थाहा पाए । वेदमा पनि विपश्यनाको यति धेरै चर्चा पाईन्छ, तर कसरी गर्ने ? विद्या त नष्ट भईसक्यो । बुद्धले यो विद्या खोजी निकालेको छ र उनी स्वयं मुक्त भएको छ । ओहो, मैले पनि यो विद्या सिक्नु पऱ्यो भन्ने सोचे । तर आफू १०० वर्षको बूढो कसरी यात्रा गर्ने ? तर उनका धेरै शिष्यहरू थिए त्यसैले आफ्ना प्रमुख १६ जना शिष्यहरूलाई श्रावस्ती पठाए । पहिला त्यस ब्यक्तिलाई जाँच्नु कि कहीं नक्कली ब्यक्ति त होइनन् । धर्मको नाममा कति नक्कली ढोंगीहरू पाइन्छन् । धर्मको नाममा देखावटी गुरुहरू कति पाइन्छन् । कति प्रवचनहरू सुन्न पाइन्छन् । कतै यो ब्यक्ति पनि नक्कली त होइनन् । खूब जाँचेर हेर्नु र साँचो हो भने उनले बताएको मार्गमा अघि जानु र मलाई सिकाउन फर्कनु । यी शोह्रजना ब्यक्तिहरू उत्तर भारत पुगेर यो विद्या सिके । खूब जाँचेर हेरे, सही लाग्यो तब विद्या सिके र फर्केर आफ्ना गुरु बावरीलाई सिकाउन आए ।

इतिहासका यी तीन घटनाहरू हाम्रो सामू छन् । यहाँका मानिसहरूले कति छिटो स्वीकार गरे । आफ्नो मनलाई निर्मल गर्न को चाहँदैन र ? सबै चाहन्छन् । असल जीवन जिउनु चाहन्छन् । तर कसरी जिउने । दुराचारको जीवन जिउनु कोही चाहँदैनन् । सबैलाई थाहा छ कि सदाचारको जीवन जिउनु पर्छ । एक जना जँड्याहालाई राम्ररी थाहा हुन्छ कि मैले रक्सी खानु हुँदै न, यसले मलाई हानी गर्छ, मेरो परिवारको हानी गर्छ, यो नराम्रो हो, यसमा मेरो कमाईको धेरै खर्च हुन्छ । मै ले रक्सी पिउनु हुँदैन । आफ्ना नानीहरूलाई सिकाउँछ, टाढा राख्छ कतै यसको लट उनीहरूलाई पनि नलागोस् ।

आफू चाहन्छ कि रक्सी नपिऊँ, तर के गर्ने ? तर जब समय आउँछ पिउन पुग्छ । नपिई रहन नै सक्दै न । यस्तै जुहारीलाई थाहा हुन्छ कि जुवा खेल्नु हुँदैन, मै ले जुवा खेल्नु हुँदैन, तर समय मिल्यो भने खेल्न पुग्छ । त्यस्तै प्रकारले हर तरहका दुष्कर्म गर्ने ब्यक्तिलाई थाहा हुन्छ कि दुष्कर्म गर्नु हुँदैन, यो राम्रो होइन, गर्नु हुँदैन, तर के गर्ने जुन गर्नु हुँदैन त्यही गर्न पुग्छ आखिरमा यस्तो किन हुन्छ ?

महाभारतको दुर्योधनको एउटा प्रसङ्ग छ । आमा-बुबाले भनौं अथवा त्यस महाभारत रचनाकारले उनको नाम किन दुर्योधन राखे । आफ्ना छोराको नाम दुर्योधन किन राख्छ, आमा-बुबा ? सुयोधन राख्नु पर्ने । दुर्योधन त दुर्योधन एक ठाउँमा उस्ले भनेको छ–

जानामि धर्मम्, न च मे प्रवृत्तिः ।
जानामि अधर्मम्, न च मे निवृतिः ॥

राम्ररी थाहा छ कि यो धर्म हो तर त्यसमा मेरो मन नै लाग्दैन । मलाई राम्ररी थाहा छ कि यो अधर्म हो तर त्यसबाट मन हटाउनु नै सक्दिन ।

यो कुरा केवल दुर्योधनले मात्र भनिरहेको होइनन्, प्रत्येक साधारण ब्यक्तिको पनि त्यही हाल छ, सबैको यही दशा छ । सबैलाई थाहा छ कि मैले वचनबाट, शरीरबाट दुष्कर्म गर्नु हुँदैन, तै पनि गरिरहेको हुन्छ । सबैलाई राम्ररी थाहा छ कि सत्कर्म गर्नु पर्छ । तर गर्न सक्दैन किन ? किनकि आफ्नो मन नै वशमा छैन, कुरो सीधा छ । बुद्धीले त खूब बुझेको छ, तर मन नै वशमा छैन । त्यसो भए मन वशमा कसरी राख्ने ?

*साभार- 'विपश्यना'*
*बुद्ध वर्ष २५६०, २०७४ बैशाख, वर्ष ३४, अङ्क १*

**मग्गानट्ठङ्गिको सेट्ठो – सच्चानं चतुरो पदा, विरागो सेट्ठो धम्मानं द्विपदानञ्च चक्खुमा**

★ **मार्ग मध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ । सत्य मध्ये प्यंगू आर्य सत्य श्रेष्ठ । धर्म मध्ये वैराग्य श्रेष्ठ । देव मनष्यपिं मध्ये शुद्ध चक्षुवान् बुद्ध श्रेष्ठ ।**

★ **मार्गहरू मध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ । सत्य मध्ये चार आर्यसत्य श्रेष्ठ । धर्म मध्ये वैराग्य धर्म श्रेष्ठ । देव मनुष्यहरू मध्ये शुद्ध दृष्टि भएका व्यक्ति भगवान् बुद्ध श्रेष्ठ ।**

★ **Of all the paths the eight fold Path is the best, of all the truths, the four Noble Truths are the best, of all things passionless ness is the best, of men the seeing one (the Buddha) is the best.**



# सधैं सम्झनुपर्ने तीन कुराहरू

✍ भिक्षु अश्वघोष

कर्तव्य पालन गर्नु नै धर्म हो भन्ने विषयलाई बुझेका समझदार व्यक्तिले आफ्नो कर्त्तव्य पालन गर्ने पक्षलाई नै बढी महत्त्व दिने गर्छ। भगवान् बुद्धले भन्नुभएको छ, "कर्त्तव्य पालन गर्नु नै धर्म पालन गर्नु हो" धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्ने दस्तुर रहेको हुन्छ। यो प्रकृतिको नियम हो। धर्म मूर्तिमा होइन कर्त्तव्य पालनमा लुकेको छ। यही कर्त्तव्य पालनको क्रममा आफ्नो भाग्य निर्माण गर्नको लागि ३ वटा कुराहरूलाई सधैं सम्झने हामी मानव जातीको कर्त्तव्य हुन आउँछ। ती यसरी छन् –

१) आमा बुबाको अनन्त गुण सम्झी उहाँहरूलाई आदरपूर्वक सेवा गर्नु।

२) आफू एकदिन बुढा बुढी हुँदै जानेछ भन्ने प्रकृतिको नियमलाई सम्झने गर्नु।

३) आफ्नो शरीर परिवार, धन सम्पत्ति र घरबाट सबै त्यागी एकदिन मर्नुपर्ने अवस्थालाई सम्झने गर्नु।

भगवान् बुद्ध भन्नुहुन्छ –

**माता पितु उपट्ठानं एतं मंगल मुत्तमं**

अर्थात्- आमा-बुबाको अनन्त गुण सम्झी उहाँहरूलाई सेवा गर्नु मङ्गल कार्य हो।

आमा-बुबा, छोरा-छोरीको लागि चतुब्रह्म विहार गुण (मैत्री, करुणा, मुदिता र उपेक्षा) ले सम्पन्न पवित्र व्यक्ति हुनुहुन्छ। उहाँहरूले आफ्ना छोराछोरीलाई ५ प्रकारका कर्तव्यहरू पालन गरी हुर्काएका हुन्छन्। त्यसैले हामीले आमा-बुबाको गुण कदापि बिर्सन हुँदैन।

आफ्नो सन्तानको लागि आमा-बुबाले ५ वटा कर्त्तव्यहरू पालन गरेको कार्यलाई आमा-बुबाले आफ्ना सन्तानलाई दिएको ५ वटा ऋणको रूपमा लिइएको छ। यही ऋणको आधार लिई सन्तानले आफ्नो जीवन निर्माण गर्दछ। ऋण लिएर बनाएको जीवनबाट सन्तानले आफ्ना बृद्धा आमा-बुबालाई ५ प्रकारले नै सेवा गरी ऋण तिर्नुपर्छ। जसले ऋण तिर्छ, उ कर्त्तव्य पालन भएको इमान्दार सन्तान भईन्छ। कर्त्तव्य पालन गरेको व्यक्तिलाई मात्र धर्मले साथदिने दस्तुर रहेको हुन्छ। जसलाई धर्मले साथ दिन्छ, उ अवश्य भाग्यमानी बन्छ। यस विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि गृही विनय पुस्तक अध्ययन गर्न सकिन्छ।

मानिसहरू बृद्ध-बृद्धा हुँदै गएपछि अशक्त हुन्छन्। कालो टल्किएको कपाल फुल्दै फुस्रो र सेतो हुँदै जानेछ। कानले सुन्ने शक्ति हराउँदै जानेछ। आँखाले देख्ने शक्ति गुमाउँदै जानेछ। ढाड कुप्रिंदै जानेछ। स्मृति कम हुँदै जानेछ। शुद्धि बुद्धि हराउँदै गई छोरा-छोरी, नाती-नातिनाको लागि खेलौना बनेर बस्नुपर्ने करुणाजनक अवस्था समेत आइपर्दछ।

त्यति मात्र होईन रोगी भएर बाँच्नुपऱ्यो भने त नर्कतुल्य जीवन बिताउनुपर्ने अवस्था आइपर्नेछ। आफूलाई मनपर्ने खानेकुरा खान मिल्दैन। आफूलाई जान मनलाग्ने ठाउँमा जान सक्दैन। आफ्नै परिवारको लागि बोझ भएर बस्नुपर्ने हुन्छ। यस्तो अवस्थामा आफूलाई कस्तो अनुभव हुने हो, त्यो अनुभव गर्ने व्यक्तिलाई मात्र थाहा हुन्छ।

हुनत यहाँ आ-आफ्नो कर्मफलको पनि कुरा आउँछ। त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ – "कम्म बिसयो अचिन्तेय्यो" अर्थात्- हामी जस्तो साधारण मानिसको मगजमा कर्म र कर्मफलको विषयमा चिन्तन मनन गर्ने शक्ति हुँदैन।

बुद्ध शिक्षानुसार हामीले आफ्नो शरीर निरोगी

*( क्रमशः पेज ३९ मा हेर्नुहोला )*

# अलीन चित्त जातक

**- धम्मवती गुरुमां**

गौतम बुद्ध श्रावस्ती जेतवन विहारे बिज्याना च्वंगु अव स्थाय् छम्ह अल्सीम्ह, वीर्यहीनम्ह भिक्षुया कारणं थ्व जातक बाखँ कना बिज्यागु खः ।

वसपोलं उत्साह हीनम्ह भिक्षुयात सःताः आज्ञा जुया बिज्यात - हे भिक्षु छं उत्साह तोता ला ? अल्सी जुया ला ? भिक्षुं लिस बिया धाल - सत्य खः ।

शास्तां धया विज्यात - छं ह्वापाः न्हापा उत्साह याना लापाँय् थें जाम्ह ह्याँउ मचा यात भिंनिगू योजन दुगु (४८ क्वे) वाराणसी देश त्याका बिया उपकार यात । थौं छाय् छं दुःखं मुक्त ज्वीगु शासने प्रव्रजित जुयाः नं छाय् उत्साह हीन जुया च्वना ? थुलि धया ह्वापाया खँ न्ह्यथना बिज्यात ।।

न्हापाः ह्वापा वाराणसी देशे ब्रह्म दत्त जुजुं राज्य याना बिज्याना च्वंगु समये वाराणसीया लिक्कसं छगू सिंकमितेगु गाँ दुगु जुया च्वन । अन न्यासःम्ह सिंकमित च्वना च्वन । अपिं सिंकमित नदी लिसें द्वंगाय् च्वनाः थाहां वनाः च्वे जङ्गले वनाः सिमा पाला थां, नीना, धलिं, लुखाया चौकोस आदि छें यात मामागु सिं फुक्कं अन जङ्गलेसं देकाः द्वंगाय् तया देशे हया धाः धाम्ह सित धाधाये च्वंक छें दना बीगु जुया च्वन । थुकथं जङ्गले वना सिं कयाः अन जङ्गले हे च्वनाः छेंयात मामागु सामान देका देशे वया छें दनाबिया ध्यबा कमाय् याना जीवन हना च्वन ।

छन्हु जङ्गले इमि पाल ग्वयाः सिँ ज्या यायगु ज्यास : या लिक्कसं छम्ह जङ्गली किसियात सिखोतं तुतिइ सुया सिख्वं दुनेसं थाना च्वगुलिं तसकं न्हि दाया वया गनं वने मफयाः दुःख सिया च्वन ।

अले व किसिं मती तल । जि अथें सिना वनेगु स्वयाला हुं सिकमी तेथाय् वना अमिगु पाखें छुं उपकार जूसा म्वाय् दैला धयागु मती तया मफु मफु सिकमिते ज्या याना च्वंथाय् थ्यंक वन ।

अले सिंकमितसें दुःखीम्ह किसि खनाः माया व करुणा वना किसिया लिक्क वनाः स्वः वन । किसिया साप वेदना जुया च्वंगु खन । किसिया दुःख कष्ट खना माया व करुणा वना किसिया तुती दुहाँ वना च्वंगु सिख्वं लिकया वासः तया विल । न्हि पिकया बिल । किसिया घाः याकनं लना वन । एनं किसिया थःगु थासे वनेगु मती मदु । वयागु थासे वया कला व काय् छम्ह दु । अथे नं व किसि थःगु थासे लिहाँ मवंसे अनसं च्वंच्वन । छाय् धासा सिकमि तसें याना जिगु प्राण बचे जुल धयागु गुण लुमंका इमिगु सिँ ल्ह्ययाः गुहाली बियाः उपकार याना च्वन । मामागु तक्क फुक्क ज्या याना बिया च्वन । अले वयात सिंकमि तसें हे नका त्वंका लहिना ज्या कया च्वन ।

लिपा किसिया मती वन- आ जि बुढा जुल । ज्या बाँलाक याय् मफत । यक्व बल दुम्ह आजानीय बल व शक्ति दुम्ह काय् यात थन हयाः थुपिं उपकारक सिकमितेगु सेवा याके। जि जङ्गले याउंक च्वंः वने धयागु मती तया थःगु थासे लिहाँ वना थः काय् तुयूम्ह आजानि किसियात जुगु खँ फुक्कं कन । काय्यात समभे याक्य धुनेवं नापं ब्वना सिकमि तेथाय् यंका मागु ज्या फुक्क स्यना विया काय् अनसं तोता थः हाकनं जङ्गले वन ।

तुयुम्ह आजानीय किसि अबुयात प्राण बचे याना ब्यूगु गुण लुमंकाः सिकमितसें धाधागु ज्या याना गुहाली बिया च्वन । सिकमितसें नं व किसी यात याकः काय् यात थें माने याना बाँलाक नका त्वंका च्वन । व किसि ज्या दइबले मनं खना ज्या याना बी, ज्या मदैबले खुसी बना मोल्हुया म्हितः वनीगु जुयाच्वन । सिकमिते मस्ते नं किसिया स्वं ज्वना म्हितः वनीगु जुया च्वन । आजानी (भिंगु जाति) धयापि किसि, सल, मनूतसें सुनानं लखे भारा पिसाब याइ मखुगु जुया च्वन । उकिं व आजानी किसि नं खुसी गबलें भारा- पिसाब मयास्य नदीया सिथेसं मलमूत्र तोता तइगु जुया च्वन । छन्हु च्वे जङ्गले तस्सकँ वावोगुलिं खुसी वा वल । अले वं नदिया सिथे मङ्गल आजानी किसिं भारा च्वना तगु गंगु च्वीकः यंका वाराणसी देशया घाटे छथाय् थाना च्वन ।

छन्हु अन वाराणसी जुजुया किसितेत किसि मागः तसें मोल्हुकेत नदी सिथे यंकल । किसित उखें थुखें नजक

तुनाः खुसी कुहाँ मवंसे विस्युं वनेत जक सन । अले किसि मागःनं किसिया वैद्ययात धाःवन । किसिया वैद्यं मती तल लखे अवश्य छुं विघ्न दुज्वीमाः धका मात्तु माला स्वः बले घाट या सिथे मंगल किसिया झारा खना थ्वीका काल किसित मोल्हु मवंगु कारण थ्व हे खः । मंगल किसिया गोरवं थगे जुगु खः धका सीका व मंगल किसिया झारा धम्प छगले तया लः ल्वाक छ्याना संका किंसिते म्हे बुत्त बुला बिल । मंगल किसिया खि नुस्वाः वो व खिं बुला ब्यूबले इपि किसिनं बास वल । अले किसित खुसी क्वहाँ वना मोल्हु वन । थ्व खँ जुजुयात कनाः किसि मागः तसें धाल - महाराज ! व मंगल किसि माला थन हय् योग्य जूं ।

थ्व खँ न्यना वारणसीया जुजु थः हे डुंगाय् च्वना नदी लिसें थाहाँ वना सिकमित च्वच्वंथाय् थ्यंक वन ।

तुयूम्ह मंगल किसि खुसी मोल्हुया च्वंमेस्यां जुजु सवारी जूगु खनां याकनं याकनं सिकमी तेथाय वनाः सुंक च्वंच्वन ।

सिकमीतसें जुजुयात स्वागत याना हयाः थःपिनिगु पाले फेतुका विन्ति यात महाराज ! सिया आवश्यक जूसा मनू छम्ह जक छोया हया विज्यासा मामागु सिं दरबारे थ्यंक ते हया वी । महाराज छाय् थन थ्यंक कष्ट सिया विज्यानागु ?

अले जुजुं आज्ञा जुल - जि सिंया लागी थन वयागु मखु । थ्व न्ह्योने च्वंम्ह मंगल किसिया लागी वयागु खः ।

सिंकःमि तसें धाल - एसा महाराज मंगल किसि यंका विज्याहुँ । तर किसि वनेगु इच्छा मयाः । किसि संहे मसंसे च्वं च्वन ।

जुजुं किसिया वैद्यया के न्यन - थ्व किसि छाय् वनेगु इच्छा मयागु ? वया वने म्हाःगु कारण छु ?

किसिया वैद्यतेसं धाल - किसिया मू सिकमितेत बीका तिनि वनेगु वयागु मनसुवा खः ।

थ्व खँ न्यनेवं जुजुं किसिया पालि ख्वाँय् दुथाय् प्यपा तुतिया क्वसं छगू लाख लाख दांया प्वः प्यप्वः तया बिल । अथे नं मंगल किसि जुजु नाप वनेगु इच्छा मयाः ।

अले जुजुं सिकमितेत इमि कलापिन्त व मस्तेत म्हतिं छजु छजु वसः पर्सि मामागु बिसेंलि तिनि मंगल किसि सिकमितेत पुलु पुलुं स्वस्वं स्वँ संकु संकुं जुजु नाप वन ।

महाराजां मंगल किसियात राजधानी ब्वना यंकल । किसिगले व शहरे भारि नक्सां छाय्पाः याकल । शहर चाहिकाः मंगल किसि यात किसिगले ते यंकल । किसिगः छगूलिं सुगन्ध बास वेका तल । किसियात तिसां तिका वां बांलागु वस्तं छाय्पाः याना अभिषेक याय् धुनेवं जुजुया मंगल किसि जुल धयागु घोषणा यानाः बछि राज्य नं लः ल्हानाः जुजुया परम मित्र घोषणा नं याना बिल । थः बराबरगु दर्जा प्रदान याना बिल ।

ब तुयूम्ह मंगल किसि वसें निसें व राज्य व देश चक्र- बर्ति राज्य थें जुया वल ।

थुकथं समय बिते जुजुं वना च्वन । बोधिसत्व बडा- महारानीया गर्भे बासं च्वं बिज्यात । बोधिसत्व गर्भे बिज्याना झिला दुबले महाराज परलोक जुल ।

जुजुया पासा मंगल किसियात जुजु परलोक जूगु खँ कन धायवं नुगःचु तज्याना सी धका खँ मकंसे तैतल ।

बाराणसी देशे जुजु मदु धयागु सीकाः कोशल जुजुं चिट्ठी च्वया हल - छिमिगु देश धेरे याना ते धुन । छिमिगु देश तोता बीगु ला कि लडाइ ल्वायगु ?

वाराणसी देशया मंत्री पिसं व जनतां नगर द्वार बन्द याना (ध्वाखाया खापा तिना) कोशल जुजुयात चिट्ठी च्वया छ्वत - महाराज ! जिमि जुज स्वर्गवास जुल खः । जिमिगु देश सून्य जुल । तर जिंमि बडा महारानी गर्भवतीम्ह दनि । ज्योतिष तेगु शास्त्र बमोजिम जिमि महारानि थनं न्हेनु त्वालं काय् ब्वीकितिनि । उकिं न्हेनु पिया बिज्याहुँ । छुं जुया काय् मबुल धासा देश तोता बी ।

कोशल जुजु देशं पिने न्हेनु तक पिया च्वन । न्हेनु दुखुनु धात्थें रत्न थें जाम्ह बांलाम्ह लछिंलाम्ह काय् मचा बुल । अले कोशल जुजुयात खबर छ्वल आ लडाइँ ल्वाय्गु जुल ।

म्हाइपुसे च्वना दिक्क जुया च्वंगु जीवन यात न्ह्याइपुसे च्वंका उत्साह बढे याना जन्म काःम्ह राजकुमार जूगुलिं वयागु नां अलीन चित्त राजकुमार धका तया बिल ।

व जन्म जू खुनु निसें वाराणसी देशया पिने कोशल

जुजु नाप युद्ध जुल । लडाइमे ल्वाः वनी पिन्त हः से धाइम्ह नायो मदुगुलिं सिपाहिँत बुना भति भति लिज्याना वल । लडाइमं बुइथें च्वंगु खँ महारानीयात कना धाल - भ्मी मंगल किसि महाराज परलोक वंगु खँ नं मस्यू, राजपुत्र जन्म जूगु नं मस्यु, हानं कोशल जुजु नाप लडाइ जूगु खँ नं मस्यू । थ्व फुक्क खँ मंगल किसियात कने माल ।

थ्व खँ न्यनाः महारानी बिचा यात- मंगल किसियात कने माल, बोधिसत्व राजकुमारयात बाँलागु इचां भुना मंगल किसि याथाय् यंकाः धाल- भो मंगल किसि ! छं पासा जुजु परलोक वने धुंकल, छं नुगःपा तज्याइ धका छन्त छं मधासे तोपुया तया । आः राजकुमार नं बुल । बुसें निसें कोशल राज नाप लडाइ जुल । आः लडाइमं बुइ थें च्वन । थ्व राजकुमार यात कि छं तुति न्हुया स्याना ब्यु कि मखुसा लडाइमं त्याका ब्यु ।

थ्व खँ न्यनेवं मंगल किसि राजकुमारः यात स्वयं बना कया थःगु छ्योने तया मिखां खोबि वेका महाराजीया ल्हाती सं राजकुमार बिया लडाइमे वन । अन हुल तछ्याना कोशल जुजु नाप ल्वायत पिहाँ वन । मन्त्रीगण नं किसिया ल्यू ल्यू लडाइ ल्वाय्त तयार जुया वन । किसि थःगु तालं शब्द पिकया वीर्य पूर्वकं सरासर युद्ध भूमिइ वन ।

सरासर बना हुल तछ्याना कोशल जुजुयात ज्वना राज- दरबारे हया बोधिसत्व कुमारया तुति क्वे तया थ्व राजकुमार मंचा धका हेपे याय् मते, हेपे यातकि छंगु प्राण तुरन्त वनी धकाः ख्यानाः हानं दुःख बोमखु धाय्क वोध याना मन बदले याना तोता छोत । अबलेनिसें बोधिसत्वया राज्य उन्नति सुनानं विरोध याय् मफुत । अथे हे चक्रवर्ति जुजु जुल । कुमार न्हेदँ दुबले राज्याभिषेक याना अलीन चित्त नामं प्रसिद्धम्ह जुजु जुल । धार्मिकपूर्वकं राज्य याना जनताया हित सुख याना बिल । थ्व खँ न्यना भिक्षुपिसं नं उत्साह याना अरहत मार्गफल लाभ याना काल ।

अवले मां महामाया, बौ शुद्धोदन, राज्यकया व्यूम्ह किसि, अलछि चाम्ह भिक्षु, किसिया बौ, सारिपुत्र, समन्त कोसल जुजु, मोद्गल्यायन, आलीन चित्त कुमार जि ।

■

*स्रोत- जातक बाखँ*



# कुरुधम्म जातक

**– वीर्यवती**

कुरु राष्ट्रको इन्द्रप्रस्थ नगरका राजा धनञ्जयको देहावसान पश्चात् राजा बनेका उनका छोराले दशराज धर्म पालन गरी कुरु धर्मानुसार आचरण गरे । पञ्चशीललाई नै कुरु धर्म पनि भनिन्छ । उनको आदर्शलाई अनुकरण गर्दै उनका माता, पटरानी, उपराजा (भाई), पुरोहित, जग्गा नाप्नको लागि डोरी समात्ने व्यक्ति, सारथी, सेंठ, द्रोण मापक, द्वार पाल र नगरशोभिनी आदि गरी त्यस देशमा जम्मा ११ जवान व्यक्तिहरूले इमान्दारी पूर्वक पाँच शीलहरू पालन गर्दै आएका थिए ।

यसरी पवित्रता पूर्वक शील पालन गरी शुद्ध आचरणले युक्त रहेका राजाले आफ्ना नगरका चारवटै द्वारहरूमा, नगरको बीचमा र निवास गृहको द्वार आदि गरी जम्मा ६ वटा स्थानहरूमा ६ वटा दानशालाहरू बनाई प्रतिदिन ६ लाख धन सम्पत्ति दान गरी सारा जम्बुद्वीपलाई तहल्का मच्चाइरहेका थिए । राजाको यस त्यागमय कार्य सारा जम्बुद्वीपमा प्रशिद्ध भइरहेको थियो । बुद्धत्त्व प्राप्त गर्ने कार्यमा दृढ संकल्परत रहेका राजाले आफूलाई आध्यात्मिक मार्ग प्राप्त गर्नका लागि नभई नहुने जगको रुपमा रहेको दान र शीलको तहलाई टेकी यसलाई पार गर्न कार्यरत थियो ।

त्यस समय कलिङ्ग राष्ट्रको दन्तपुर नगरमा कलिङ्ग राजाले राज्य गर्दै थिए । उसको राज्यमा वर्षा नभएको कारणले राष्ट्रमा अनिकाल पयो । दुर्बुष्टि-भय, अकाल-भय र रोग-भय आदि तीनवटा भयहरू फैलिए । राष्ट्रका यी भयहरू हटाउन अमात्यहरूले राजालाई कुरु नरेशको अञ्जन वसभ नाम गरेको मङ्गल हात्ती ल्याउने सल्लाह दिए ।

यो सल्लाह सुनी राजाले भन्यो - " कुरु नरेश त सेना तथा वाहनले युक्त र दुर्जय छ । त्यस्तो शक्तिशाली राजाको हात्ती हामीले कसरी ल्याउन सक्छौं र ?"

अमात्यहरूले भने - "महाराज ! त्यस राजा शक्तिशाली मात्र होइन, दानी पनि छन् । दान र शील पालन गरिरहेका त्यस धर्मात्मा राजासंग याचकहरूले मागेको खण्डमा आफ्नो अलंकृत शीर (टाउको) समेत काटेर दिन सक्छ । त्यति मात्र होइन उसले आफ्ना सुन्दर रहरलाग्दा आँखाहरू झिकेर समेत दिन सक्षम छ उ । आफ्ना सारा राज्य समेत त्याग्न तयार छ उ । जाबो एउटा हात्तिको त के कुरा ?

राजाले भन्यो- उसंग हात्ति कसले माग्न जान सक्छ त ?

अमात्य - "महाराज ! ब्राह्मणहरू छँदै छन् नि । हजुर लाई के को पीर ?"

यति सल्लाह पाएपछि राजाको आदेशानुसार गाउँबाट आठजवान ब्राह्मणहरू झिकाइयो । उनीहरूलाई आवश्यक सत्कार सम्मान गरिसकेपछि कुरुराष्ट्रमा मंगल हात्ति माग्न याचकको रुपमा पठाइयो ।

उता कुरु राष्ट्रमा कुरु नरेश नियमित रुपले दान कार्यमा सामिल हुन पुग्यो । कुरु नरेश बोधिसत्त्वले आफु चढेर आएको मंगल हात्तिबाट उत्रेर पूर्वद्वारको दानशालामा सात आठ जवान याचकहरूलाई आफ्नै हातले भोजन दान दिए । अनि यसरी नै दान दिनु भन्ने आदेश दिई आफ्ना अनुयायीहरूलाई दान दिने जिम्मा सुम्पी उनी हात्तीमा चढी दक्षिण द्वारतर्फ अगाडि बढे । कलिङ्ग राष्ट्रबाट हात्ति माग्नका लागि आएका ब्राह्मणहरू पनि दक्षिण द्वार तर्फ एक अग्लो स्थानमा उभिरहेका थिए । जब राजाले वज्र अंकुशबाट हात्तीलाई रोकेर उनीहरू समक्ष पुगी " ब्राह्मणहरू हो ! तिमीहरूलाई के चाहियो ?" भनेर सोध्यो तब ब्राह्मणहरूले भने -"हे जनाधीप ! हामी त तपाइँले नै चढिराख्नु भएको अञ्जनवर्ण हात्ती माग्न आएका हौं ।"

उनीहरूको कुरा सुनी राजाले खुशीसाथ आश्वासन दिँदै भने - " अन्न, भृत्य, नोकर मध्ये जो कोही पनि होस् यिनीहरू मध्ये जुन मागेपनि यदि त्यो उद्देश्य अनुरुप छ भने यी व्यक्तिहरू र वस्तुहरू दान दिने कार्यलाई इन्कार गर्न योग्य छैन । यो त हाम्रो पूर्वाचार्यहरूको वचन हो । त्यसैले हे ब्राह्मणहरू हो ! मैले तिमीहरूलाई राजाहरूलाई मात्र योग्य भएको राज परिभोग्य, यशस्वी, अलंकृत तथा सुवर्ण जालीले ढाकिएको हात्ती दान दिदैछु । हात्ती संग संगै यसको सारथीलाई पनि दान दिँदैछु । तिमीहरूलाई जहाँ लान मन लाग्छ लिएर जान सक्छौ ।"

यसरी हात्ती माथि बस्दा बस्दै नै बोधिसत्त्व कुरु

नरेशले आफ्नो वचनले हात्ती दान दिए । फेरि हात्तिबाट तल ओर्लिएर "यदि हात्तीको शरीरको कुनै भाग अलंकारले सजाउन बाकी छ कि भनी तीन पटक हात्तीलाई प्रदक्षिणा गरी हेरे । तर हात्तीको शरीरमा अलंकृत गर्न बाकी स्थान नभेटिएपछि खुशी हुँदै हात्तीको सूंडलाई ब्राह्मणको हातमा सुम्पेर सुवर्ण भारीले सुगन्धित जल खन्याई याचकहरूलाई हात्ती दान दिए । ब्राह्मणहरूले सारथी सहित हात्ती स्वीकार गरे । अनि हात्ती माथि बसी दन्तपुर नगर पुगे । त्यसपछि कलिंग राष्ट्रका नरेशलाई मंगल हात्ती हस्तान्तरण गरी उनीहरू फर्के ।

तैपनि दन्तपुर नगरमा पानी परेन । हरेश खाएका राजाले आफ्ना अमात्यहरूसंग यसको कारण सोद्धा उनीहरूले भने– "महाराज ! कुरु नरेशले कुरुधर्म (पञ्चशील) पालन गरिरहेको छ । त्यसकारण कुरु राष्ट्रमा पन्ध्र - दश दिन भित्र वर्षा हुने गर्छ । यसरी राष्ट्रमा मंगल भइरहनु राजाकै गुणहरूको प्रताप हो । यस हात्तीमा गुण भएपनि आखिर कति नै गुण नै हुन सक्छ र ?"

राजाले अमात्यहरूको सल्लाह मानी आफ्ना ब्राह्मणहरू र अमात्यहरूलाई खटाई कुरु राजा समक्ष हात्ती फिर्ता दिई सुनका पाताहरूमा कुरु धर्म लेखाएर ल्याउने आदेश दिए ।

आफू समक्ष कुरु धर्म लेखाएर लानको निमित्त आएका दन्तपुरका ब्राह्मणहरू र अमात्यहरूलाई कुरु नरेशले अलि अप्ठयारो मान्दै भने– " तात ! मैले कुरु धर्म पालन गरिरहेको त अवश्य हो । तर कार्तिक महिनाको एक दिन कार्तिकोत्सव मनाइरहेको बेला मैले चारौं तर्फ वाण चलाएको थिएँ । यसरी कार्तिकोत्सवको उपलक्षमा चलाइएका ती बाणहरू मध्ये एउटा बाण देखा परेन । त्यो बाण तलाऊमा फ्याँकिएको थियो । तीन दिशा तर्फको बाण मात्र देखा परियो । त्यसकारण मेरो मनमा यस्तो अन्दोल हुन थाल्यो - ( कहिं मैले तलाउतर्फ फ्याँकेको बाणले माछाको शरीरमा घोपी माछा त मरेन ? यदि माछा मरेको भए मेरो शील भंग हुने भयो) यसरी मेरो मनमा समय समयमा यस कुरोले पिरोल्ने गरेको छ । त्यसैले मैले पालन गरिरहेको शीलले मेरो चित्त बुझाउन सकेको छैन । मैले पालन गरिरहेको कुरु धर्मप्रति मलाई नै शंका लाग्न थालेको छ । तर मेरी आमाले भने राम्ररी शुद्ध रुपले पञ्चशील अर्थात कुरु धर्म पालन गरिरहनु भएको छ । त्यसकारण तपाईंहरू उहाँ समक्ष जानुभई कुरु धर्म लेखाएर लानु भएमा बेश हुनेछ ।"

राजाको यस्तो कुरो सुनी ब्राह्मणहरूले भने- महाराज ! बाण चलाउनु भएको बेलामा तपाईंको मनमा जीवहिंसा गर्छु भन्ने चेतना नै छैन भने यसलाई जीवहिंसा भन्न मिल्दैन । शंका मात्र लाग्दैमा कुरुधर्म पालन बिग्रिएको भन्न मिल्दैन । शंका मात्र लागे पनि शील भंग भएको मान्नुहुने तपाईं जस्तो पवित्र व्यक्तिबाट अरु कुन पापकर्म हुन सक्ला र ? त्यसैले हामीले तपाईंको तर्फबाट पनि कुरु धर्म लेखेर लान चाहन्छौं । कृपया तपाईंले हामीलाई कुरुधर्म सिकाइदिनुहोस् ।" यसरी प्रार्थना गरेपछि राजाले बाध्य भई ल लेख्नुस् त भन्दै सुनको पातामा कुरुधर्म यसरी लेखायो –

(१) प्राणीहिंसा नगर्नु (२) चोरी कार्य नगर्नु ।
(३) कामभोग सम्बन्धि मिथ्याचार नगर्नु
(४) झूठो कुरो नगर्नु र (५) मद्यपान नगर्नु ।

यसरी कुरुधर्म लेखाइसकेपछि पनि राजाले उनीहरूलाई राजमाता समक्ष कुरुधर्म सिक्न पठाए । राजमाताले पनि आफ्नो कुरुधर्म पालन गराईमा अन्दोल भएको कारणले पटरानी कहाँ पठाइन् । यसरी नै विभिन्न कारणहरू देखाई एकले अर्को समक्ष कुरुधर्म लेखाउन पठाउँदा क्रमशः राजाबाट, राजमाता, पटरानी, उपराजा, पुरोहित, जग्गा नाप्नको लागि डोरी समाट्ने व्यक्ति, सारथी, सेंठ, द्रोणमापक, द्वारपाल र नगरशोभिनी समेत गरी जम्मा ११ जवान व्यक्तिहरूसंग कुरुधर्म सुनको पातामा लेखाएर लगी दन्तपुर पुगेर कलिंग नरेशलाई सुनको पाता सुम्पेर सबै हालखवर सुनाए ।

त्यसपछि कलिङ्ग नरेशले पनि कुरुधर्म पालन गरी आफ्नो आचरण सुधारे पछि कलिङ्ग राष्ट्रमा वर्षा भयो । खूब पैदावार पनि भयो ।

बोधिसत्त्व कुरुनरेशले पनि बुद्धत्त्व प्राप्त गर्ने आफ्नो संकल्पलाई अगाडि सारी आफ्नो जीवन पर्यन्त दान आदि पुण्य गरी आफ्नो जीवन सफल पारे । ■

*साभार- दानपारमिता*

# रोग हुनु र निको हुनुमा मन नै मुख्य हो

बुद्धको अनुभव र भनाई अनुसार मन नै मुख्य कुरो हो किनकि जुनसुकै अवस्था या कुरा पहिले मनमा उत्पन्न हुन्छ। मन शुद्ध भई चिन्ताबाट मुक्त भएमा निरोगी जीवन बिताउन सकिन्छ।

संसारमा जतिपनि रोगहरू छन् तीमध्ये नब्बे प्रतिशत रोगहरु मनबाट हुने कुरा वर्तमान वैद्य (डाक्टर) हरुले स्वीकार गरेका छन्। विशेष रूपले रक्तचाप (Blood Pressure) र मधुमेह (Diabetes) रोगहरू मनको पीरबाट नै हुन्छन्।

शारीरिक रोगहरूलाई निको पार्न औषधी छ। तर मानसिक रोगको लागि औषधी छैन। मानसिक रोगलाई निको पार्न एउटै कुरा मनले नै हो। एकजना यूरोपीय महाशयलाई पेटको रोगले सतायो। धेरै डाक्टरहरूबाट जाँच गराए। डाक्टरहरूको कुराले सन्तोष नभई अरू पनि डाक्टर कहाँ गए। एकजना डाक्टरले उसको रोगलाई चिनेर " औषधी" दिए। त्यो एकै मात्राको औषधीले उसको रोग निको भयो। त्यो कस्तो औषधी ? अरु केही होइन अलिकति रंग मिसाएको चीसोपानी मात्र थियो। उसलाई भएको मानसिक रोग थियो। मतलब मनले नै जन्माएको रोग थियो। मनले नै विचार गरेर निको पारिदियो।

विश्व प्रसिद्ध एक प्रमुख धनीको रूपमा मानिएको अमेरिकन जोन् रक् फेलर एक प्रसिद्ध महाजन हो। उसको दिनको आम्दानी पाँचलाख हुन्छ। यति विशाल धन भएको धनीको मन बिग्रेकोले अथवा चित्त असन्तोष भएकोले उसमाथि विपत्ति आइपऱ्यो। उसले एकदिन धेरै मालसामान राखेर एउटा जहाज समुद्री मार्गबाट विदेशमा पठाई दिए।

त्यो जहाज समुद्रको बीचमा पुग्नासाथ ठूलो तुफानमा फँस्यो। तर जहाजलाई केही नोक्सान भएको थिएन। जहाजलाई क्षति भयो कि भनी उनी चिन्ताग्रस्त भए। आत्तिन थाले। त्यही चिन्ता र पीरले अपूर्व रोगले सतायो। खान मन लागेन। निंद्रा लागेन। उसको टाउको सम्पूर्ण पाकेर झर्न थाल्यो। अनि उसले घोषणा गरे- "यदि कुनै वैद्यले मलाई मेरो घरमा काम गर्ने नोकरले खाने खानाको आधाजत्ति पनि खाने रुचि बढाई दिनसक्यो भने मेरो सारा सम्पत्तिको आधा भाग उसलाई दिनेछु"।

त्यसताका रक् फेलर महाशय ५३ वर्षको थियो। भाग्यवस उसकहाँ अनुभवी मनोवैज्ञानिक वैद्य एकजना आइपुगे।

वैद्यले उसको रोग शारीरिक नभई मानसिक भनी थाहा पाई उचित उपदेश दिनुभयो। उपदेश अनुसार आचरण गरी ५३ वर्षमा मर्न लागेको आयु बढेर ९८ वर्षसम्म बाँचे। अनुभवी मनोवैज्ञानिक डाक्टरले दिएको अर्ति के थियो ? त्यो जान्न लायक छ।

अतीतं नानु सोचन्ति - नप्पजप्पन्ति अनागतं
पच्चुप्पन्नेन यापेन्ति - तेन वण्णो पसीदति।

अर्थात् बितिसकेको कुरामा शोक नगर्नू। भविष्यको लागि आशा नगर्नु, वर्तमान अवस्थामा सन्तुष्ट भई प्रसन्नता पूर्वक जीवित हुनु उत्तम छ, अनि सुख पाउँछ। स्मरण रहोस् यो बुद्ध वचन हो।

हामी सबै प्रसन्न भई जीवित हुन चाहन्छौं। तर चाहे बमोजिम सुख पाइँदैन। त्यसको मुख्य कारण दुइटा छन्। १) अतीत बारे शोक गर्नु र २) भविष्यको बारेमा प्रार्थना गर्नु।

कुनै व्यक्ति अतीतको चिन्ता र शोक गर्छन् भने कुनै ब्यक्ति भविष्यको बारेमा प्रार्थना गर्दै समय बिताउँछन्। तर वर्तमान अवस्थालाई बुझ्ने थोरै मात्र छन्।

हामी सबैबाट गल्ती हुनसक्छ। त्यो भइसकेको गल्तीमा पश्चाताप गर्नु त्यसको उपचार होइन। सन्तापले हाम्रो अमूल्य समय बरबाद मात्र हुन जान्छ। त्यतिमात्र नभई चित्तलाई पीडा र कष्ट पनि पुऱ्याउँछ। गर्नुपर्ने उपाय त फेरि त्यस्तो खालको गल्ती नदोहऱ्याउनु नै हो।

भविष्यको बारेमा आशा गर्नु त्यति हानिकारक नभएता पनि त्यसैको भरोसामा बस्नु व्यर्थ हो। भविष्यको विश्वास लिन सकिंदैन।

वर्तमानप्रति भने हामीले अवश्य विश्वास लिन सक्छौं। आफ्नो हातमा भएको अवस्था यही वर्तमान नै हो। अतः वर्तमान अवस्थामा राम्रोसँग जीवन बिताउन सके अतीत पनि राम्रो हुन्छ। किनकि वर्तमान अवस्था नै भोलि पर्सि अतीत हुन जान्छ। त्यस्तै वर्तमान राम्रो भयो भने भविष्य पनि राम्रो अवश्य हुन्छ। किनकि भविष्यको कारण वर्तमान नै हो। कुनै कारणवश वर्तमान खराब भयो भने अतीत र अनागत दुवै अवस्था अवश्य नराम्रो

हुनेछ ।

पश्चाताप र आकांक्षाले गर्दा चित्तलाई पीडा हुन्छ । वैद्यहरूको विश्वास अनुसार यस्तो किसिमको चिन्ता र पीर मानसिक रोगको कारण हो ।

चित्त खराब भयो भने त्यसबाट शरीरको रक्त खराब हुन्छ । अनि अपवित्र रक्तबाट सारा शरीरलाई विषैली बनाइदिन्छ । यसरी विषको फैलावटबाट निरोगी पनि रोगको शिकार हुन जान्छ । रोगीको अवस्था त झन खराब हुन जान्छ ।

बिरामीलाई जति औषधीको खाँचो छ त्यति नै चित्तलाई प्रीति र आनन्द पनि आवश्यक छ । चित्त प्रसन्न भएमा शरीरको रगत पनि शुद्ध हुन्छ । अनि मुखमा तेज आउँछ । फलस्वरुप शरीरबाट रोग भागेर जान्छ ।

अतीतमा बर्माका बौद्ध राजालाई एउटा असह्य रोगले सतायो । वैद्यहरुले आशा छाडिदिए । धार्मिक विश्वास अनुसार अन्तिम अवस्थामा भिक्षुहरूलाई निमन्त्रणा दिएर परित्राण पाठ गर्ना निमित्त अनुरोध गरे । परित्राण सूत्र पाठपछि एकजना महास्थविर भिक्षुले केही शब्द भन्नुभयो- महाराज धेरै चिन्ता र काममा व्यस्त हुनु भएको तपाईलाई आराम लिने मौका मिलेको छ । यो अनित्य संसार हो । वर्तमान समयलाई सदुपयोग गर्नुहोला । राज्यको बारेमा चिन्ता नगर्नु होला । दरबारको चिन्ता पनि नलिनु होला । त्रिरत्नको गुण स्मरण र करुणा मैत्रीपूर्वक समय बिताउनु होला । प्रसन्न भई बस्नु होला । राजाले त्यसै अनुसार समयलाई सदुपयोग गरी काम गर्नु भयो । आश्चर्य के रहेछ भने राजाको अनुहारमा प्रकाश र उज्यालो हुन थाल्यो । राजाको हँसिलो मुख देखेर वैद्यहरूले फेरि औषधी दिन थाले । केही दिनभित्र राजाले पूर्ण स्वास्थ्य लाभ गरे ।

यी घटनाहरूबाट यही स्पष्ट हुन आउँछ कि बिरामीहरू सधैं प्रसन्न मुद्रामा बस्नु लाभदायक छ । यस्तै स्वास्थ्य लाभार्थ काम लाग्ने केही घटनात्मक कुराहरू प्रस्तुत गर्नु उपयोगी होला भन्ने ठान्दछु ।

श्रीलंकामा एउटा अमूल्य उक्तिको प्रचलन छ "नरिसाउनु, रिसायो भने छिटै बुढो हुन्छ" कुनै व्यक्तिलाई रिस आयो भने उसको शरीरको गतिविधि नै बदलिन्छ । आँखा रातो हुन्छ । मुख कालो हुन्छ । शरीर काँप्न थाल्छ । यसको कारण चित्त र शरीरको रगतको बीच धेरै सम्बन्ध छ । रिस आउनासाथै चित्त कलुषित हुन्छ । अनि रगत अपवित्र हुन्छ । अनि सारा शरीरको अंग प्रत्यंग समेत खराब पारी रोगको घर बन्न पुग्छ ।

*स्रोत- बौद्ध जगतमा स्वास्थ्य सेवा*



*महापरिनिर्वाण हुनअगाडि बुद्धलाई सही तरिकाले वन्दना गर्ने विधि सिकाउनुहुँदै भगवान् बुद्ध*

# श्रमण नारद

– श्रीयुत्त नाथुराम प्रेमी
– अनुवादः प्रकाश बज्राचार्य

आज म पाठकवर्गहरूलाई त्यसबेलाको कुरो सुनाउँदैछु जसबेला कि भारतवर्ष उन्नतिको शिखरमा पुगेको थियो र जनता धेरै खुशी एवं आनन्दित थिए। त्यसबेलाका मान्छेहरू सबै जसो स्वाधीन, सुखी, सदाचारी तथा शान्त थिए, धनी गण्यमान्यहरू उद्योगी एवं ज्ञानी थिए, त्यतिमात्रै होइन, विदेशीहरूको अगाडि क्षमा, दया, परोपकार आदि सद्‌गुणहरूको आदर्श बनेका थिए। त्यसबेला यहाँका व्यापारीहरू टाढा टाढाका देश एवं द्विपहरूमा व्यापार गर्न जान्थे, त्यस्तै कयौं विदेशी व्यापारीहरू पनि भारतका मुख्य-मुख्य शहरहरूमा देखिन्थे। आजभोलिका कलकत्ता र बम्बई जस्ता उन्नत शहरहरू त्यतिबेला थुप्रै थिए। त्यसैले व्यापार क्षेत्रमा प्रशस्त चहलपहल थियो। ससाना शहर एवं गाउँहरूको व्यवस्था पनि राम्रो थियो। जनजीवन धेरै सुखी र शान्त थियो।

बौद्ध धर्मको प्रचार भइरहेको समय थियो। सबैजसो ठाउँहरूमा भगवान बुद्धका पवित्रता, शान्ति र दयाले भरेको शिक्षाको सङ्गीन फैलिरहेको थियो। ठूल्ठूला राजा-महाराजाहरू र धनी महाजनहरू बुद्धधर्म प्रचार गर्नमा दृढ चित्त भई लागिरहेका थिए। हजारौं बौद्ध श्रमणहरू (भिक्षुहरू) सबैजसो ठाउँहरूमा देखिन्थे।

वाराणसीतिर गईरहेको घोडेटो बाटोमा एउटा बग्गी दौडिरहेको थियो। घोडाहरू बेस्सरी दौडदै थिए। त्यस बग्गीमा जम्मा दुईजना मात्रै मान्छेहरू थिए– एकजना बग्गीको मालिक र अर्को नोकर। मालिकको वस्त्र हेर्दा ऊ एक धनी व्यापारी देखिन्थ्यो। अनुहार हेर्दा ऊ गन्तव्य ठाउँमा पुग्न हतार देखिन्थ्यो।

भरखरै मात्रै घनघोर पानी परेको हुँदा चिसो बतास चलिरहेको थियो। बादल हटेकोले घामलाग्यो। त्यसले गर्दा दिन धेरै रमाइलो थियो। रूखका पातहरू पानी परेकोले सफा थिए र साथै हावाको संग-संगै चञ्चलपन देखाइरहेको थियो। प्रकृतिले एक अनौठो शोभा प्रदर्शित गर्दै थियो।

अगाीड उकालो चढ्नु परेकोले घोडा बिस्तारै गईरहेको बेला धनी साहुले बाटोको एकातिर लागेर एकजना श्रमण (भिक्षु) हिंडिरहेको देखे। उसको अनुहारमा शान्ति, पवित्रता र गम्भीरपन झल्किन्थ्यो। उसलाई देख्नासाथै सेठको मनमा श्रद्धा उत्पन्न भयो। उसले विचार गऱ्यो, "अहा ! यो व्यक्ति त हेर्दाखेरी नै एक ठूलो महापुरुष, पवित्रताको मूर्ति र धर्मको अवतार देखिन्छ। सज्जनहरूको संगतलाई विद्वानहरूले पारसमणीसंग तुलना गरेको छ। जसरी पारसको संयोगले फलाम पनि सुन बन्दछ, त्यसरी नै सज्जनहरूको समागमले भाग्यहीनहरू पनि सुलक्षणी एवं भाग्यवान बन्दछन्। यदि यो भिक्षु पनि बनारस जाने भए र मेरो बग्गीमा बसिदिनु भए बेश हुनेछ। अनि यो भिक्षुको सत्संग गर्न पाइने छ जसले गर्दा म अवश्य लाभान्वित हुनेछु। यसरी विचार गरेर उक्त सेठले श्रमण महात्मालाई प्रणाम गऱ्यो र अनि बग्गीमा बस्नुहुन प्रार्थना गऱ्यो। उक्त भिक्षुलाई पनि बनारस मै जानु परेको हुनाले उहाँ बग्गीमै बस्नु भयो र भन्नुभयो, "तपाईंले मलाई ठूलो उपकार गर्नुभयो। यसको लागि म कृतज्ञ भएँ। टाढा देखिनै हिंडेर आइराखेकोले धेरै थाकिराखेको छ। तपाईंलाई थाहा छँदैछ कि भिक्षुहरूसंग यस्ता केही बस्तु हुँदैनन् जुन दिएर तपाईंको उपकारको ऋण तिर्न सकोस्। त्यसो भएता पनि महापुरुष भगवान बुद्धका उपदेश र शिक्षाको भण्डारमा सञ्चित कुनै कुरो तपाईंलाई मनपरेको भए त्यही दिएर तपाईंको उपकारको ऋण तिर्नेछु।"

सेठ खुसी भयो। बाटोभरी आनन्दपूर्वक समय बित्दै गयो। श्रमणको अमूल्य रत्नरूपी उपदेशलाई अगाढ श्रद्धा राखी मनन गरेर लियो। बग्गी दौड्दै थियो। एक घण्टाभन्दा बढी बितिसकेपछि एउटा हिले गल्लीमा पुग्यो जहाँ एउटा अर्को गाडा रोकी राखेकोले बाटो बन्द थियो।

त्यो गाडा देवल नाम गरेको एकजना किसानको रहेछ। त्यो किसानलाई पनि गाडाभरी चामल लिएर चाँडै नै बनारस पुग्नु परेको रहेछ। गाडामा धुरीमा रहेको

एक किला खुस्कनाले पाँग्रा (चक्का) फुस्केछ। देवल एक्लै रहेछ। त्यसैले जतिसुकै प्रयास गरेता पनि उसले चक्कालाई गाडासंग जोड्न सकेन।

यतापट्टि त्यो किसानको गाडालाई नहटाइकन आफू जान नसक्ने देखेर सेठलाई रिस उठ्यो। उसले आफ्नो नाकेरलाई अह्रायो, "तँ गएर त्यो किसानको चामल जम्मै मिल्काएर गाडालाई एकातिर पन्छाइ दे, बग्गीलाई अगाडि बढा।"

किसानले कोमल स्वरले अनुरोध गरे, "साहुजी ! म एक गरीब किसान हुँ। पानी परेकोले बाटोमा हिलो छ। मेरो चामलको पोको भूइँमा फालिदिनु भयो भने चामल बिग्रिने छ। तपाईं एकैछिन पर्खनोस्, म तुरुन्तै गाडालाई ठीक गर्दछु, अनि यो साँघुरो ठाउँबाट पर लगि तपाईंलाई बाटो छाडि दिन्छु।" तर सेठले त्यो गरीबको प्रार्थनालाई बास्तै गरेन। उसले रिसाएर आफ्नो नोकरलाई भन्यो, "के हेरिराखेको ? मैले भनेको जस्तो गरेर चाँडै बग्गीलाई अगाडि बढाउ।" नोकरले सेठको आज्ञानुसार तुरुन्त चामलको पोकालाई फालेर किसानको गाडालाई एकातिर पन्छाएर सेठको बग्गी अगाडि बढायो।

धिक्कार ! यो संसारमा गरीबलाई मद्दत दिने कोही छैन। आफ्नो कुनै स्वार्थको लागि अरूको सर्वश्व नष्ट गर्ने धन कुबेरहरू त्यो बेलामा पनि कम थिएन। गरीबको रक्षकको सातो भक्षक हुने धनीवर्ग यस संसारमा कहिल्यै खाली भएको छैन, सायद भविष्यमा पनि हुँदैन होला। तर यो अवश्य हो कि त्यो बेला भिक्षुहरूको दयामयी हात गरीबहरूलाई सहयोग र मद्दत दिन तत्पर थिए। उहाँहरू धार्मिक विवादबाट टाढा थिए। सदैव मानव मात्रको हित ध्यान दिन्थे। उहाँहरूले आफ्ना शरीर, वचन र मनलाई परोपकार गर्नमा लगाईराखेको थियो।

सेठको बग्गी अगाडि बढाउँदासाथ श्रमण (भिक्षु) नारद गाडीबाट उफ्रेर तल ओर्ल्यो, अनि भन्यो, "सेठ ! माफ गनोस् अब तपाईंसंग आउन सक्दिन। आफ्नो विवेक बुद्धिले तपाईंले मलाई यहाँसम्मन् बग्गीमा राखेर ल्याउनु भयो, यसले गरेर मेरो थकाई मेट्यो। मेरा तपाईंहरूसंगै जाने इच्छा त छ, तर तपाईंले जुन किसानको गाडालाई पल्टाएर एकातिर पन्छाएर आफू अगाडि बढ्नु भयो त्यो किसान तपाईंको आफ्नै नाता पर्ने हो। तपाईंकै पूर्वजका अवतार सम्झँदै छु। त्यसैले जुन तपाईंले मलाई बग्गीमा राखेर उपकार गर्नुभयो, त्यसको बदला तपाईंको नाता पर्ने त्यो किसानलाई मद्दत दिएर तिर्नेछु। यस कामले उसलाई केही लाभ भएमा तपाईंलाई पनि लाभ हुनेछ, फाइदा हुनेछ। त्यो किसानको भाग्यसंगै तपाईंको पनि शुभ हुने सम्बन्ध छ। तपाईंले त्यो किसानलाई धेरै दुःख दिनुभयो। मेरो विचारमा यसले गरेर तपाईंलाई धेरै नोक्सान भयो। त्यसैले यो मेरो कर्तव्य हो कि तपाईंलाई अहित हुने र अलाभ हुने कामबाट बचाउनको लागि मैले सके जति त्यस असरण किसानलाई मद्दत दिउँ।"

सेठले श्रमण (भिक्षु) को भित्री हृदय देखिको दयामयी कुरोलाई वास्ता गरेन, ध्यान दिएन। त्यो सेठले विचार गऱ्यो कि यो श्रमण अति नै धर्मात्मा भयो। त्यसैले उसले किसानलाई उपकार गर्न लागेको। त्यहाँबाट सेठ सरासर अगाडि बढ्यो।

( २ )

श्रमण नादर किसानकहाँ गएर दुःख-सुखको कुरा गर्दै पोखेको चामल जम्मै बटुलिदियो र बिग्रेको गाडा पनि मिलाई दियो। दुबैको परिश्रम (उत्साह) ले काम चाँडै सकियो। किसानले विचार गऱ्यो, "साँच्चै नै यो भिक्षु त एक ठूला परोपकारी महात्मा हुनुहुन्छ। कस्तो आश्चर्य ! मेरो भाग्यले एक अदृश्य देवता नै श्रमणको भेषमा आएर मलाई मद्दत गर्न आएको जस्तो छ ! मेरो काम पनि कति चाँडै सकियो। मलाई नै आश्चर्य लाग्छ।" उसले डराउँदै सोधे, "श्रमण महाराज ! जहाँसम्म मलाई लाग्छ मैले त्यो सेठको केही बिगारेको छैन, कसैले उसलाई बिगारेको छैन, तैपनि उसले मलाई किन अन्याय गरेको ? यसको कुनै कारण होला कि ?"

श्रमणले भन्यो, "दाजु, अहिले तिमीले जुन भोग गरिराख्नु भएको छ, त्यो सबै तिमीले गरिराखेको पूर्वकर्मको फल हो। पहिले जुन बिउ रोप्नु भएको थियो, त्यसैको फल तपाईंले भोग्दै हुनुहुन्छ।"

किसानले सोध्यो, "के हो कर्म भनेको ?"

श्रमणले भन्यो, "सोझै भन्ने हो भने मान्छेको काम नै उसको कर्म हो। मान्छेको कर्म पूर्वजन्ममा

गरिराखेको कर्मको एक सम्वन्धी हो । यो सम्वन्ध मनको रूपी जुन अनेक प्रकारका कर्म छन्, तिनीहरू वर्तमान क्रिया र विचारले धेरै बदल्न सक्छन् । हामी सबैले पहिले जुन असल र खराब काम गरेका हुन्, त्यसको फल अहिले हामीले भोग्दैछौं । फेरि अहिले जुन हामीले काम गरिराखेका छौं, त्यसको फलपछि भोग्नुपर्नेछ ।"

किसानले भन्यो, "तपाईंले भन्नुभएको ठीक हुन सक्दछ । तर त्यस्ता घमण्डी र दुष्टले हामी जस्ता असरण गरीबहरूलाई यसरी बिनाकारण दुःख, कष्ट दिई अन्याय गर्दैछन्, यसको लागि हामीले के गर्नुपर्ला ?"

श्रमणले भन्यो, "दाजु, मैले हेर्दा तिम्रो विचार पनि उही सेठको जस्तो भयो (तिमी र सेठमा फरक देखिंदैन) । जुन कर्मले उ आज महाजन बन्यो र तिमी किसान बन्यौ, यद्यपि बाहिरबाट हेर्दा कर्मफलमा धेरै फरक देखिन्छ तर भित्रको ज्ञानले हेर्दा त्यतिको फरक छैन । जहाँसम्म मलाई मानिसको मानसिक विचारको बारेमा ज्ञान छ वा अनुभव छ त्यसको अनुसार म भन्न सक्दछु कि यदि तिमी पनि सेठ भएको भए वा उसको ठाउँमा तिमी भए तिमीसँग पनि उसको जस्तै एक बलिष्ठ नोकर हुने थियो होला, अनि फेरि जसरी तिम्रो गाडाले उसको बाटो छेकेको थियो त्यस्तै उसको गाडाले पनि तिम्रो बाटो छेकिदिएको भए तिमीले पनि उसले जस्तै नगरी छाड्दैनथ्यो । उसको चामल पनि यताउति छरिदिने थियौ, त्यसो गरेर पनि तिमीलाई कत्ति पनि चित्त दुख्दैनथ्यो । त्यसबेला तिमीले यो विचार गर्दैनौ कि कसैलाई बिगार्दैमा आफूलाई भलो हुँदैन ।"

किसानले भन्यो, "भन्ते ! तपाईंले साँचो कुरो बाल्नु भयो । म पनि धनी भएको भए ऊ भन्दा कम हुने थिएन । तर तपाईंले बिनाकारणले भलो गर्नुभयो, तपाईंले मलाई निःस्वार्थ भावले उपकार गर्नुभयो । मेरो माल बिग्रनबाट बचाउनु भयो, फेरि मेरो बिग्रीराखेको गाडा बनाउन पनि मद्दत गरेर बाटोमा राख्न ल्याउनु भयो । तपाईंको यो सहयोग देखेर मेरो पनि मनमा उठ्यो कि मैले पनि आफ्ना छरछिमेकीलाई केही सहयोग दिएर राम्रो व्यवहार गरेर देखाउँछु अनि आफ्नो शक्ति अनुसार उनीहरूको भलो हुने काममा लाग्दछु ।"

गाडा तयार भएकोले किसानले आफ्नो बाटो तताए । अलि पर पुग्ना साथै उसको गाडा तानिरहेका दुबै बेलहरू जल्क्यो । किसानले पनि डराएर चिच्चायो, "अहो ! अगाडि त कति डरलाग्दो साँप बसिरहेको !" भिक्षुले ध्यानपूर्वक हेर्दा त पैसाको थैलो झुण्डिएको कमरपेटी पो रहेछ । जहाँ गाडाबाट आर्लेर हातमा लिएर हेर्दा त पैसाले भरिएको थैलो झुण्डिएको पेटि रहेछ । त्यो पैसाको थैलो पक्कै पनि त्यो सेठको हुनुपर्दछ भन्ने उहाँलाई विश्वास भयो । त्यो पैसाको थैलो लिएर किसानको हातमा राख्दै उहाँले भन्नुभयो, "तिमीले बनारस पुग्नासाथै यो पैसाको थैलो सेठको घर खोजेर उसलाई दिनु । त्यो सेठको नाम हो पाण्डु र उसको नोकरको नाम महादत्त हो । यति गरिसकेपछि उसले जुन तिमीलाई भर्खर गरेर गएको कुकर्म हो त्यो अन्यायी कर्मको पश्चाताप उसलाई हुनेछ । यो दिइसकेपछि यो पनि भन्नु, "तपाईंले मलाई जुन अभद्र व्यवहार गर्नुभयो त्यो बिर्सेर मैले क्षमा गरें । यो पनि मेरो शुभकामना छ कि तपाईंको ब्यापार फलोस् फुलोस् ।" भिक्षुले फेरि भन्नुभयो, "तिम्रो भाग्इ नै उसको ब्यापार राम्रो हुनुमा निर्भर छ, त्यसैले मैले यो कुरा तिमीलाई भनेको हुँ । जति-जति उसको ब्यापारमा उन्नति हुन्छ, त्यति-त्यति नै तिम्रो भाग्य पनि खुल्ने छ ।"

त्यसपछि परोपकारको मूर्ति तथा दूरदर्शी श्रमणले यही विचार गरिराख्यो कि यदि त्यो धनी सेठ मकहाँ आएमा मैले सकेजति उसलाई उपकार गरिदिने छु । उपदेश दिएर उसलाई साँचो अर्थमा मान्छे बनाई दिनेछु ।

*क्रमशः ...*

- *अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा-खोज्दै । मेरो हरेक जन्म दुःखमय भएर बित्यो । हे गृह निर्माण गर्ने बुद्धि हो ! अब मैले तिमीलाई देखिसकें, फेरि तिमीले गृह बनाउन सक्ने छैनौ । घर बनाउनको लागि प्रयोग गरिने तिम्रा सरसामान सबै भाँचिदिएँ । घरको धुरी पनि खसालिसकें । मेरो चित्त अब संस्काररहित भई तृष्णाको विनाश भइसक्यो ।*
- *प्रव्रजित भएर गर्नुपर्ने कामलाई दृढतापूर्वक गर । शिथिल स्वभाव हुने परिव्राजकले आफ्नो मनमा चित्तमल (क्लेश) झन बढाउँदै लाने गर्छ । – धम्मपद*

# आचार्य दीपंकर श्रीज्ञान



✍ रत्नसुन्दर शाक्य

तिब्बतमा बुद्ध धर्म प्रचार-प्रसार गर्नमा विशेष योगदान दिने महापुरुषहरूमध्ये आचार्य शान्तरक्षित (सन् ६५०-७५०) र आचार्य कमलशील (सन् ७१३ - ७८६) पछि आचार्य दीपंकर श्रीज्ञानको नाम प्रमुख हुन आउँछ। संस्कृतका अमूल्य ग्रन्थहरूलाई तिब्बतीभाषामा सुलभ (अनुवाद) गर्नुभएकोमा उहाँ उपर्युक्त दुवैजना आचार्यहरूमध्ये अगाडि थिए। तिब्बतीहरू उहाँलाई "अतिशा" (धर्मस्वामी श्री अतिशय) को नामले पनि पुकार्दछन्।

उहाँको जन्म सन् ९८२ मा, पूर्वी भारतको सहोर भन्ने स्थानमा भएको थियो। उहाँ राजा कल्याणश्री र रानी प्रभावतीको तर्फबाट दोश्रो पुत्र चन्द्रगर्भको रूपमा जन्मनुभएको थियो। उहाँको दाजु पद्मगर्भ र भाइ श्रीगर्भ थिए।

राजा कल्याणश्रीको विक्रमशीला विहारसित घनिष्ठ सम्बन्ध थियो, जुन विहार त्यसबेला एक विश्वविख्यात बौद्ध शिक्षणालय थियो, जुन शिक्षणालय राजधानी भंगलपुर (वर्तमान-भागलपुर) मा नै अवस्थित थियो।

राजा कल्याणश्रीले राजकुमार चन्द्रगर्भलाई ३ वर्षको अवस्थामा नै पढ्नको निमित्त पठाउनुभयो। ११ वर्षको उमेरमा त उहाँले लेखपढ गर्नुको साथै गणित र व्याकरणमा पनि असाधारण ज्ञान प्राप्त गरिसक्नुभएको थियो।

यसरी प्रारम्भिक शिक्षा प्राप्त गरिसक्नुभएपछि राजकुमार चन्द्रगर्भले भिक्षु भई निश्चिन्ततापूर्वक अध्ययन गर्ने संकल्प गर्नुभएको थियो।

एकदिन अनायास उहाँ महापण्डितको साथै महावैय्याकरण (व्याकरणमा उच्च ज्ञान भएका) भिक्षु जितारिकहाँ पुग्नुभयो। राजकुमारले आफ्नो इच्छा जाहेर गरे, जसको प्रत्युत्तरको रूपमा भिक्षु जितारिले नालन्दामा गई प्रव्रजित हुने परामर्श दिए। उहाँको विचार थियो कि यदि राजकुमार विक्रमशीलामै प्रव्रजित भइरहयो भने "राजाको पुत्र हुँ" भन्ने अभिमान सदा आइरहन सक्छ।

महापण्डित जितारिको सुझावअनुसार राजकुमार चन्द्रगर्भ मातापिताको आज्ञा लिई नालन्दा जानुभयो। नालन्दा पुग्नासाथ नालन्दाका राजाले आश्चर्य प्रकट गरी सोधे- "आफ्नै देशमा विक्रमशीला महाविहार छँदाछँदै यहाँ किन पढ्न आएको ?"

यसको प्रत्युत्तरमा कुमार चन्द्रगर्भले नालन्दाको प्राचीनता र विशेषताको बयान गरे। हो पनि, त्यसताका रहेको ४ प्रमुख बौद्ध- शिक्षणालयहरू मध्ये नालन्दाको महत्व निकै अगाडि बढेको थियो। अन्य ३ थिए- १) विक्रमशीला २) ओदन्तपुरी (विहारशरीफ) र ३) बज्रासन (बुद्धगया)।

चीनी यात्री हुयनसाङ्ग (७ औं शताब्दी) को समयमा नालन्दा महाविहारमा १५०० अध्यापक र १०,००० विद्यार्थी थिए। हुयन - साङ्गले नालन्दामा प्रविष्ट हुन पाउनु नै उच्च योग्यताको परिचायक मानिने कुराको पुष्ट्याई यहाँसम्म गरेका थिए कि कुनै कुनैले त झूठ बोलेर भएपनि नालन्दाको स्नातकवाला भनी धेरैजसो स्थानहरूमा विशेष सम्मान प्राप्त गर्दथे।

राजकुमार चन्द्रगर्भले नालन्दाका राजाबाट सिफारिश प्राप्त गरी नालन्दा विश्वविद्यालयमा प्रविष्ट हुनुको साथै आफूलाई यथायोग्य स्थानको प्रवन्ध पनि पाएको थियो। उहाँ नालन्दा विश्वविद्यालयका कुलपति (प्रधानाचार्य) भिक्षु बोधिभद्रको हातबाट श्रामणेर हुनु भयो र नाम पनि उहाँबाटै "दीपंकर श्रीज्ञान" राखियो।

यसरी राजकुमार चन्द्रगर्भ १२ वर्षको उमेरमा

श्रामणेर हुनुभयो र भिक्षु (उपसम्पदा) हुन २० वर्षको उमेर हुनुपर्ने हुनाले ८, ९ वर्षको निमित्त आचार्य बोधिभद्रले उहाँलाई आफ्नो गुरु अवधूतिपाद (मैत्रीपा) कहाँ (राजगृहमा) लिएर गए, जहाँ दीपंकर श्रीज्ञानले १८ वर्षको उमेरसम्म (६ वर्ष) प्रशस्त धार्मिक शास्त्रको अध्ययन गरे ।

यसपछि दीपंकर श्रीज्ञान १८ वर्षकै उमेरमा मन्त्र-शास्त्रको विशेष अध्ययन गर्न त्यस समयको प्रसिद्ध तान्त्रिक, ८४ सिद्धहरूमध्ये एक, विक्रमशीला महाविहारको उत्तरद्वारका द्वारपण्डित "नारोपा" (नरोत्तमपाद) कहाँ गए, उहाँले २९ वर्षको उमेरसम्म (११ वर्ष) नारोपाका शिष्य भई विक्रमशीलामा आफ्नो अध्ययन समाप्त गरे, तर पनि उहाँको ज्ञान-पिपासा शान्त भएको थिएन । उहाँ त्यहाँबाट बोधगयाको बज्रासन महाविहारका प्रधान भिक्षु दोर्जेदन पा (वज्रासनीपाद) कहाँ गए, त्यहाँबाट बज्रासनकै "मति-विहार" मा जानु भयो र उहाँ, त्यहाँको महाविनयधर (विनयपिटकका महाविद्वान) भिक्षु शीलरक्षितको तर्फबाट उपसम्पन्न हुनुभयो ।

दीपंकर श्रीज्ञानले भिक्षु शीलरक्षितकहाँ दुई वर्ष रही सारा विनयपिटकको अध्ययन गर्नुभयो ।

यसरी ३१ वर्षको उमेरमा दीपंकर श्रीज्ञान विभिन्न शास्त्र, त्रिपिटकको साथै तन्त्रशास्त्रको पनि महापण्डित हुनुभयो ।

यति भएर पनि उहाँको ज्ञानपिपामा अझै शान्त भएको थिएन उहाँले सुवर्णद्वीप (वर्तमान सुमात्रा) का आचार्य धर्मपालको प्रसिद्धि सुनिराख्नुभएको थियो । अतः उहाँकहाँ गई अध्ययन गर्ने निश्चय गरे । तद्नुसार बुद्धगयाबाट बिदा लिई दीपंकर श्रीज्ञान ताम्रलिप्ति (तमलुक, जिल्ला मेदिनीपुर) को बाटोबाट समुद्रतटमा पुग्नुभयो र त्यहाँबाट जहाजमा चढी अनेक विघ्नबाधाहरू सहन गर्दै १४ महीना बिताई सुवर्णद्वीप पुग्नुभयो ।

आचार्य सुवर्णद्वीपीय धर्मपालकहाँ दीपंकर श्रीज्ञानले अनेक दर्शनसम्बन्धी प्रशस्त ग्रन्थहरूको अध्ययन गर्नुभएको थियो । जसमा पेशावरका प्रसिद्ध बौद्ध दार्शनिक असंग (सन् २८०-३६०) का "अभिसमयालंकार" र आचार्य शान्तिदेव (सन् ६९१-७४३ का "बोधिचर्यावतार" पनि समाविष्ट थिए ।

आचार्य दीपंकर श्रीज्ञान सुवर्णद्वीपमा १२ वर्षसम्म अध्ययन गरिसकेपछि पूरा ४४ वर्षको उमेरमा विक्रमशीला महाविहारमा फर्कनुभयो र आफ्नो असाधारण योग्यताको कारण ५१ जना पण्डितहरूको अग्रजको साथै १०८ वटा विहार तथा देवालयहरूको नायक हुनुभयो । त्यसबखत विक्रमशीला महाविहार (महाविद्यालय) का प्रधान भिक्षु रत्नाकर शान्ति (शान्तिपा) थिए, उहाँ पनि आचार्य सुवर्णद्वीपीय् धर्मपालका शिष्य भइसकेका थिए ।

यसरी ११ औं शताब्दीको सुरु (सन् १०२६-२७) मा दीपंकर श्रीज्ञान विक्रमशीलाका ८ जना महापण्डितहरूमा एक हुनुभएको थियो ।

तिब्बतमा सातौं शताब्दीको मध्यमा सम्राट् श्रोङ्ग-चन-गम्पोले बुद्धधर्म भित्र्याएको थियो । तिब्बतमा यो धर्म सम्राट् श्रोङ्ग-चन-गम्पोको दिग्विजयको कारणले सन् ६४० मा नेपालका सम्राट अंशुबर्माकी छोरी भृकुटी (रिङ-चुन्) ले दाइजोको रूपमा ल्याएकी थिइन् । यसको वर्षदिनपछि फेरि चीन नरेशकी राजकन्या बे-चिन (कोङ-जो) ले पनि दाइजोको रूपमा एक भव्य ऐतिहासिक बुद्धमूर्ति तिब्बत ल्याएकी थिइन् । यी चीनी राजकन्या कोङ-जोले आफूले ल्याएको बुद्धप्रतिमा स्थापित गर्न ल्हासा नगरको उत्तरी भागमा "रमोछीका मन्दिर" बनाएकी थिईन् । तर नेपालकी राजकुमारी भृकुटीसित आफूले ल्याएका अक्षोभ्य, मैत्रेय तथा ताराको मूर्ति स्थापित गर्न त्यसरी मन्दिर बनाई स्थापित (प्रतिष्ठित) गर्न त्यति सम्पत्ति थिएन । यो कुरा सम्राट्ले थाहा पाइ ल्हासा शहरको मध्यमै "खुल-सनङ" नामक एक सुन्दर मन्दिर बनाई ती मूर्तिहरू प्रतिष्ठित गरेको थियो । चीनी राजकन्याले बनाएको मन्दिरको साथै नेपाली राजकुमारीको निमित्त बनाइदिएका ती मन्दिरहरू अहिलेसम्म पनि विद्यमान रहेको महापण्डित राहुल सांकृत्यायनले उल्लेख गरेका छन् ।

यसरी शुरूवात भएका बुद्धधर्मले तिब्बतमा उन्नति-अवनति गर्दै ११ औं शताब्दीको पहिलो दशकदेखि फेरि विकार पैदा भएको कारणले राजभिक्षु येशो-ओ (ज्ञानप्रभ ) ले धर्मको सुधार गर्न २१ जना होनहार तिब्बती

बालकहरूलाई दश वर्षसम्म तिब्बतमै राम्रो शिक्षा दिइसकेपछि उच्चशिक्षा हासिल गराउन काश्मिर पठाएको थियो । तर मानसरोवर जस्तो ठण्डा ठाउँमा रहने ती नौजवानहरूलाई काश्मीर पनि धेरै गर्मी ठाउँ हुन गयो, यहाँसम्म कि २१ जना युवाहरूमा सिर्फ २ जनामात्र (रत्नभद्र र सुप्रज्ञ) तिब्बत फर्कन पाइयो । रत्नभद्र (सन् ९५८-१०५५) पछि आएर तिब्बतका एक प्रमुख (सुप्रसिद्ध) अनुवादक बन्न गएको थियो ।

तान्त्रिक बौद्ध-धर्मको सुधार गर्न सिर्फ एक जना विद्वान् (रत्नभद्र) को सहायताले मात्र सम्भव नहुनु, साथै पढाउनको निमित्त बाहिर (भारत) पनि पठाउन नहुनु आदि कारणले राजा-भिक्षु येशे-ओले यही निश्चय गरे कि भारतबाटै कुनै एक पण्डितलाई तिब्बत बोलाई धार्मिक सुधार गराउनु वेश हुनेछ । त्यसबेला विक्रमशिलामा पश्चिमी तिब्बतका विद्यार्थीहरू पनि पढ्न आउने गर्दथे । उनीहरूको तर्फबाट राजा ज्ञानप्रभ (येशे-ओ) ले आचार्य दीपंकर श्रीज्ञानको प्रसिद्धि सुनेका थिए । उहाँलाई तिब्बत भित्र्याउने आशयले केही मानिसहरूलाई विक्रमशीला-भारतमा पठाए । तर दीपंकर श्रीज्ञानले भोट जान स्वीकार गरेन । तैपनि राजा येशे-ओले हरेश खाएनन् । फेरि एक दल विक्रमशीला पठाउन तयार गरे । तर धनको अलि कमी भएको कारणले राजा येशे-ओ सुन एकत्र गर्न सीमान्त प्रदेश (गर्लोग) गएको थियो । त्यही राजा येशे-ओलाई गर्लोग्का राजाले पक्राउ गरी जेलमा राखिदिए । आफ्नो पितालाई छुटाउन उत्तराधिकारी बोधिप्रभले प्रशस्त सुन (धन) जम्मा गरिलगेका थिए ।

तर राजा येशे-ओले आफूलाई छुटाउनुको सट्टा भारतबाट कुनै एक पण्डितलाई बोलाउन ती रकम खर्च गर्न आज्ञा दिए । यो कुरा थाहा पाउनासाथ पहिले नाईनास्ति (अस्वीकार ) गरिराख्नुभएका दीपंकर श्रीज्ञानले तिब्बत आउन स्वीकार गरे ।

यसप्रकार सन् १०४० मा, ५८ वर्षको उमेरमा निकै कठिनताका साथ विक्रमशीला महाविहारका संघस्थविर (मुख्यनायक) रत्नाकर शान्तिसित अनुमति प्राप्त गरी बाह्र (१२) जनाको एक दल बनाई दीपंकर श्रीज्ञानले आफ्नो स्वदेश छोड्नुअगाडि त्यस पवित्र ठाउँको दर्शन गर्न जानुभयो, जहाँ सिद्धार्थ गौतम 'बुद्ध' हुनुभएको थियो ।

उहाँहरू नेपालको बाटोबाट तिब्बत जान लागेको थियो । त्यसकारण नेपालराज्यमा प्रविष्ट हुनासाथ विस्तार-विस्तारै नेपालको राजधानीमा पनि पुग्नुभयो र नेपाल नरेश जयकामदेव (ठकुरीवंश) सँग पनि भेट गर्नुभएको थियो ।

राजा जयकामदेवले दीपंकर श्रीज्ञानलाई बहुत सम्मान गरेको थियो, साथै यहीं रहन अनुरोध पनि गरेको थियो जुन अनुरोधलाई अस्वीकार गर्न नसकी आचार्य दीपंकर श्रीज्ञान एक वर्ष (सन् १०४१) नेपालमै रहनुभएको थियो ।

नेपालबाट उहाँहरू सन् १०४२ मा पश्चिम तिब्बतको डरी प्रदेशमा पुग्नुभयो । त्यहाँबाट उहाँहरू मानसरोवरको पश्चिममा अबस्थित "थो-लिङ" भन्ने विहारमा पुग्नुभयो, जुन विहार राजा येशे-ओले बनाएको थियो । यस विहारमा ९ महीनासम्म रही आचार्य दीपंकर श्रीज्ञानले धर्मोपदेश बाहेक कतिपय ग्रन्थहरूको अनुवादको साथै आफ्नो प्रसिद्ध ग्रन्थ "बोधिपथ-प्रदीप" को पनि रचना गर्नुभएको थियो ।

यहाँबाट दीपंकर श्रीज्ञान सन् १०४४ मा "पुरङ" भन्ने ठाउँमा आइपुग्नुभयो, जहाँ उहाँले आफ्ना प्रिय शिष्य डोम्-तोन्-पा (सन् १००३-६४) सँग भेटघाट गर्नुभएको थियो, जसले आफ्नो गुरुलाई तबदेखिन मृत्युपर्यन्त छाया जस्तै रही सेवाटहल गरेका थिए । आचार्यको निधनपछि "गुरु-गुणधर्माकर" नामले प्रिय शिष्य डोम्-तोन्-पाले दीपंकर श्रीज्ञानको जीवनी लेखेका थिए ।

आचार्य दीपंकर श्रीज्ञानको धर्मोपदेश सुन्नको निमित्त टाढा टाढाबाट नै मानिसहरू आउने गर्दथे, साथै आ-आफ्नो ठाउँमा धर्मोपदेश दिलाउन निमन्त्रणा पनि गर्दथे । जुन निमन्त्रणालाई सहर्ष स्वीकार गर्दै आचार्य दीपंकर बेला-बेलामा ठाउँ-ठाउँमा चारिका गर्दथे ।

पुरङको प्रवासपछि आचार्य सन् १०४७ मा मध्य-तिब्बतको सम-ये विहारमा पुग्नुभयो, जुन विहार तिब्बतमा सर्वप्रथम आचार्य शान्तरक्षितले सम्राट् खि-स्रोङ-ल्दे वचनको महायताले ब्रह्मपुत्र नदीको किनारामा

१२ वर्ष लगाएर तयार गरिएको थियो ।

सम-ये विहारपछि सन् १०५० देखि आचार्य 'येर-पा' नामक विहारमा निवास गर्नुभयो । यहाँपछि उहाँको अन्तिम निवासस्थान ल्हासाको दक्षिणतर्फ रहेको "सये थङ्ग" भन्ने विहार हुन गयो जहाँ ७३ वर्षको उमेरमा, सन् १०५४ मा यस महापुरुषले सदाको निमित्त आफ्नो जीवन-लीला समाप्त गरे ।

आचार्य दीपंकर श्रीज्ञानले धर्म र दर्शन सम्बन्धी ३५ वटा ग्रन्थ र तन्त्र सम्बन्धी सानो ठूलो गरी ७० वटा भन्दा बढी ग्रन्थहरू लेख्नुभएको थियो । यसको अलावा कयौं संस्कृत ग्रन्थहरू पनि द्वैभाषिक (लोचवा) हरूको मद्दत लिई उहाँले अनुवाद गर्नुभएको थियो । यी सम्पूर्ण ग्रन्थहरू कंजूर-तंजूर (तिब्बतको बुद्धवचनामृत त्रिपिटक) मा रहेको कुरा तीनै यान (महायान, बज्रयान, स्थविरवाद) का पण्डित राहुल सांकृत्यायन बताउनु हुन्छ ।

उहाँको स्मृतिस्वरूप अहिलेसम्म पनि सये-थङ्गको त्यस तारा देवालयमा दीपंकर श्रीज्ञानको भिक्षापात्र, दण्ड, धर्मकरक (लोटा) को साथै डोम्-तोन्-पाको वस्त्र समेत राखिएको कुरा महापण्डित, महान् पर्यटक, बहुभाषिक, साहित्यवाचस्पति, पुरातत्ववेत्ता राहुल सांकृत्यायन बताउनुहुन्छ । उहाँ त्यस ठाउँमा पहिलो पटक २५ अप्रिल १९३० को दिन पुग्नुभएको थियो ।

उहाँको स्मृतिस्वरूप २० औं शताब्दीमा, बङ्गलादेशको राज (धानी ढाकामा आचार्य दीपंकर श्रीज्ञानको १००० औं जन्मजयन्ती सन् १९८३ को फरवरी २६ देखि ४ मार्चसम्म विभिन्न कार्यक्रमहरू राखी सुसम्पन्न गरेको थियो जसमा नेपालको तर्फबाट आचार्य भिक्षु अमृतानन्द महास्थविरले पनि भाग लिनु भएको थियो ।

■

सन्दर्भ -

१) तिब्बत मे सवा बरस - महापण्डित राहुल सांकृत्यायन शारदा मन्दिर, नई दिल्ली, वि.सं. १९९०
२) अतीत से वर्तमान - महापण्डित राहुल सांकृत्यायन - विद्यामन्दिर प्रेस, (प्रा.) लिमिटेड, वाराणसी - १९५६
३) बौद्ध धर्म दर्शन - महापण्डित राहुल साँकृत्यायन अनुवादिका (नेपालीमा) - डा. कमला साँकृत्यायन - भिक्षु मैत्री, सारनाथ, वाराणसी - १९८४

*'आनन्द भूमि' वर्ष-१८, अङ्क-७ (कार्तिक, २०४७)*

*साभार- बौद्धजगत्‌का स्मरणीय व्यक्तिहरू*

**बुद्ध सम्वन्धी केही जानकारीहरू**

(१) चार आर्यसत्यलाई यथार्थ रुपले बुझ्नेलाई **बुद्ध** (=तथागत=शास्ता=भगवान्) भनिन्छ ।

(२) **त्रिरत्न** भन्नाले बुद्ध, धर्म र संघ बुझिन्छ । बुद्ध, धर्म र संघको शरण जानु नै त्रिशरण वा त्रिरत्न शरण जानु हो ।

(३) भिक्षु संघको स्थापना भारतस्थित सारनाथमा ई.पू. ५२८ मा धर्म चत्र प्रवर्तन (=प्रथम उपदेश) पछि भएको थियो ।

(४) बुद्ध धर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ। **त्रिपिटक** भन्नाले सुत्र पिटक, विनय पिटक र अभिधर्म पिटक बुझिन्छ।

(५) **सुत्र पिटक**मा बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटक**मा भिक्षु र भिक्षुणीहरूको लागि विनय (नियम) संकलन गरिएका छन् । **अभिधर्म पिटक**मा दर्शनका कुराहरू समावेश गरिएका छन् ।

*( साभार- बौद्ध दर्पण )*

# अष्टमहास्थन बौद्ध तीर्थाटन २०८२ नियात्रा संस्मरण



✍ **प्रदिप शाक्य 'घोषक'**
*नयाँ बानेश्वर-३१, काठमाडौं*

थेरवाद बुद्धिष्ट एकेडेमी (TBA) विश्व शान्ति विहार मिन भवनको शैक्षिक कार्यक्रम अनुसार सेमेष्टर प्रणालीको थेरवाद बुद्धिजम स्टडिजको स्नातकोत्तर तह तेस्रो समूह एवं क्रमागत रूपमा दशौं समूहको एक विद्यार्थीको नाताले अध्यनरत हुँदा कहिलेकाहीँ कक्षामा शैक्षिक भ्रमणको कुरा उठान गरेको थिएँ । जुन बेला नेपाल र भारतमा कोविड १९ को असर अझ पनि निमिट्यान्न भएको थिएन । यद्यपि छलफलका बेला क्याम्पस प्रमुख श्रद्धेय महेन्द्ररत्न शाक्य सरले परिस्थिति सहज भएको खण्डमा भविष्यमा अनुकूल समयमा लैजान सकिने कुरा सुझाउनु भएको थियो । त्यसैबेला देखि नै एक किसिमले शैक्षिक भ्रमणको बीजारोपण भैसकेको थियो ।

यात्रा शुरु हुनु अघि अभिमुखीकरणको लागि सम्पूर्ण यात्रीहरूलाई फागुन २२ गते विहान ८:३० बजे कलेजमा उपस्थित हुन सूचना दिइयो । उक्तदिन समयमै उपस्थित भईयो । तर त्यसदिन आदरणिय क्याम्पस प्रमुख महेन्द्ररत्न सर अस्वस्थ हुनुभएको कारण उहाँलाई केही समय प्रतिक्षा गरियो । अस्वस्थताको बावजूद पनि उहाँले उपस्थिति जनाउनु भएर सबैलाई हौसला प्रदान गर्नुभयो । आफ्नो स्वास्थ्य स्थितिको जानकारी दिनुहुँदै समयले साथ दिएको खण्डमा यात्रामा निश्चय पनि साथै रहने प्रतिवद्धता पनि जाहेर गर्नुभएको थियो ।

मुख्यत: त्यस दिनको भेलामा यात्रा अवधिभर अवलम्बन गर्नुपर्ने आवश्यक शील, विनय सम्वन्धी स्पष्ट जानकारी गराउँदै यात्रा शुभारम्भ दिन २५ गते सोमबार विहान ठीक ५:०० बजे विश्व शान्ति विहारमा उपस्थित हुनको लागि सूचित गर्दै कार्यक्रम समापन भएको घोषणा गरियो । सबै आ-आफ्नो गन्तव्यतर्फ प्रस्थान गरे ।

यात्रा दिन : प्रथम २०८२ फागनु २५ गते, सोमबार बिहान ४:०० बजे नै निद्रा देवीको काखबाट अलग्गियो । नित्य सुचीक्रिया पश्चात् हात, मुख धोएर सँधै गर्दै आईरहेको त्रिशरण गमन सहितको पञ्चशील प्रार्थना सहित त्रिरत्न वन्दना, मङ्गल सुत्र, बोज्झङ्ग सुत्र, मोर सुत्र, पट्ठान पालि, मैत्री भावना पाठ गरी कार्य सम्पन्न गरियो । त्यसपछि चियापान गरी परिवारको साथमा विहारतर्फ लागियो । विहारमा पुग्दाखेरी केही यात्रीहरू आ-आफ्नो झोलीतुम्बासहित विहार पुगीसकेका थिए भने आउने क्रम पनि जारी नै थियो । विहारमा जलपानको व्यवस्था गरिएको रहेछ । तसर्थ सबैलाई सरिक गराउँदै आफू पनि सामेल भईयो । तत्पश्चात् आफू पनि अर्धाङ्गीनीसँग शुभकामना आदान-प्रदान गरी बिदावारी भईयो ।

क्रमश: यात्रुहरूको चाप बाक्लिँदै गयो । सबैको जलपान समाप्ती पछि श्रद्धेय भन्ते निग्रोध महास्थविरज्यूको निर्देशनानुसार बसमा बस्न आ-आफ्नो सिट व्यवस्थापनको लागि यात्राको प्रमुख संयोजन गर्नुहुने श्रद्धेय ध्यानवती गुरुमांद्वारा जेष्ठताक्रम अनुसार सम्वन्धित बसमा जानको लागि स्वागत गर्नुहुँदै नामावली वाचन गर्नुभयो । सोही अनुसार यात्रीहरू पनि उत्सुकताका साथ आफ्नो सिटको लागि बस चढ्ने क्रम भयो । बसमा चढेपछि अभिमुखीकरणको समयमा भन्तेज्यूबाट प्राप्त जानकारी अनुसार बसमा सिटहरू मध्यमस्तरकै भएको अनुभूति भयो । प्राय: धेरै नै आइपुगीसकेको भएता पनि एक दुई जना बाटामा आइरहेको जानकारीले भन्तेज्यूमा अलिक मानसिक टकराव भएको पनि भान हुन्थ्यो । यद्यपि छोडेर जाने कुरो थिएन नै, भन्दा भन्दै उहाँहरू पनि टुप्लुक्क आइपुग्नुभयो । सबैको चेहरा उज्यालोले छायो । तब

उहाँहरूको लगेजको आवश्यक व्यवस्थापन सहित स्वागत गरिसकेपछि पहेंलो र नीलो रङ्गको दुबै बसले पाक्षिक लामो यात्राको लागि आफ्नो बाटो लियो ।

टुरिष्ट प्लेटयुक्त पहेंलो गाडिको नेतृत्व भन्ते स्वयं आफैंले गर्नुभएको थियो भने अर्को कालो प्लेटवाला नीलो बसको नेतृत्व ध्यानवती गुरुमांले गर्नुभएको थियो । यसरी श्रद्धेय भन्ते गुरुमांहरूबाट अभिभावकत्व ग्रहण गरी अघि बढाईएको हाम्रो यात्राका यी सवारी साधनले आफ्नो नियमित चाललाई अघि बढाएजस्तै यात्रा अवधिभर सुरक्षित एवं सहज यात्राको प्रार्थना गर्दै सामूहिक बुद्ध पूजाको लागि श्रद्धेय ध्यानवती गुरुमांले आह्वान गर्नुभयो र दुबै बसका यात्रुहरूले एकाकार स्वरमा साधुकार शब्दले प्रतिध्वनित गर्दै संक्षिप्त बुद्ध पूजाको आरम्भ सहित यात्रा अगाडि बढ्यो । करिब ८:३० बजेतिर धुलिखेल बजार छिचोल्दै बनेपा - बर्दीबासको सडकमा गुड्दै काभ्रे भन्ज्याङ्गको एकान्त स्थलमा जलपानको लागि सबै ओर्लियौं । तुरुन्तै भान्छे समूहका सदस्यहरूले तयारी अवस्थामा लगिएको जलपान वितरण गर्दै स्वागत गरे ।

हल्का चिसो-चिसो मौसमको बेला प्राप्त तात्तातो जलपानको सबैलाई राहत दिएकै महशूस हुन्थ्यो । यसैबेला पुनः यात्रामा सहजीकरणको लागि भन्तेज्यूले आवश्यक सहजकर्ताको भूमिकामा आफू लगायत अन्य चारजना क्रमशः संगीना बज्राचार्य, रोजन शाक्य, नरेन्द्र कंसाकार एवं गोविन्द महर्जनज्यूको नाम उल्लेख गर्नुहुँदै आवश्यक सरसहयोग पुऱ्याउन आव्हानका साथ सबैलाई जानकारी गराउनु भयो । त्यसपछि दुईवटा बसमा सवार ५३ जना धर्मयात्रीहरू र बसका संयोजक लगायत अन्य भान्छा समूहका सदस्यहरू सहित ७ जना सहायक सम्मिलित जम्मा ६० जना सवार यी साधनद्ध क्रमशः अगाडि बढ्यो ।

करीब ९:४५ बजेतिर मङ्गलबार दाउन्ने पुल हुँदै रोशी गाउँ पालिका वडा नं. ९ को दाउन्ने पुल बगरमा अडियो । त्यसपछि प्रमुख चालक सरोज भाईबाट त्यसै स्थानमा भोजनको तयारी गर्ने जानकारी दिनुभएपछि सबै यात्रुहरू बसबाट ओर्लिएर रोशी बगरमा सयर गर्न थाले । कोही खोलाको कलकलसँगै फोटो खिच्न थाले भने कोही दायाँ-बायाँको प्राकृतिक सुन्दरताको रसपान गर्न थाले । यसरी टहलिँदै घडीको सूइले १०:४५ बजेको संकेत गऱ्यो । तत्कालै भोजन कार्यक्रम शुरु भयो र भोजन सकेर ११:२० बजे त्यस स्थानबाट फेरि अगाडिको यात्रा शुरु भयो । क्रमशः पछाडि भेगको उकाली-ओराली छिचोल्दै करिब अपरान्ह १:३० बजे रामेछाप र सिन्धुली जिल्लाको संगमस्थल खुकाटमा पुगी शौचक्रियाको लागि एकछिन रोकियो । त्यहाँबाट पनि पुनः आजको लागि तय गरिएको गन्तव्यतर्फ प्रस्थान गर्दै दिउँसो ४:०० बजेतिर बर्दिबास नजिकैको लालगढमा अवस्थित दिदीबहिनी होटल पुगेर बस रोकियो । त्यस ठाउँमा पनि एकछिनको भलाकुसारी पछि जानकी मन्दिर अवलोकनको लागि प्रस्थान भयो । झण्डै २ घण्टाको परिभ्रमण पश्चात् साँझ ६:३० बजे पुनः सोही होटल नै फर्कियो । बेलुकी ७:०० बजे होटल पुग्ने बित्तिकै भान्छा समूहको सदस्य भाई-बहिनीहरूबाट खाना तयार भएको जानकारी सहित रात्री भोजन ग्रहण गर्न आव्हान गर्नुभयो ।

पन्ध्र (रात) सोऱ्ह दिनको यात्राको प्रथम रातको बासको लागि उपासिकाहरूको लागि सोही दिदीबहिनी होटलमा व्यवस्था गरिएको र उपासकहरूको लागि नजिकैको पुकार होटलमा व्यवस्थापन गरिएको जानकारीसँगै सबैजना आराम गर्नको लागि आ-आफ्नो कोठामा प्रवेश गरें । उक्त होटलको दोस्रो तल्लामा रहेको कोठा नं. २०१ मा रहेको डबल बेडमा हामीहरू ४ जना क्रमशः करुणारत्न, सुरेश, प्रदीप शाक्य र राईबहादुर राईले रात बितायौं ।

**यात्राको दोस्रो दिन** (**२०८२-११-२६ गते मङ्गलबार**)

सायद परदेशको रात बसाई भएर हो कि करिब २ बजे नै निन्द्राले छोडिसकेको थियो । यद्यपि ४ बजेसम्म त सुत्नैपर्ला भनेर निदाउने कोशिश गरियो । तथापि पुनः ३:३० बजेतिर नै ब्यूँझिन पुगियो । होटलको बास पाहुना धेरै आलोपालो गरी शौचक्रिया गर्नुपर्ने कुरा मनन गरी उठ्ने नै निधो गरियो । शुभ शौचक्रिया पश्चात् दैनिक पाठ पनि ओछ्यानमा नै सकेर ५:१५ बजे जलपान ग्रहण गरियो । त्यसपछि विहान ६:०० बजेतिर महोत्तरीको जलेश्वर हुँदै नेपाल-भारत सिमाना भिट्टामोडको लागि प्रस्थान गरियो । आधा घण्टाको बाटो वैला भन्ने ठाउँमा

पुगेर यात्रा व्यवस्थापकहरूबाट पिउने पानीको प्रबन्ध गरेर पुनः गन्तव्यतिर नै लम्कियो । अन्तत करिश ७:४५ बजेतिर सिमास्थल भिट्टामोड पुगियो ।

सीमा स्थलमा गरिने अध्यागमन निरीक्षणको लागि तयारी हुन हाम्रा युवा संयोजक श्री सरोज श्रेष्ठज्यूबाट सन्देश प्राप्त भएपछि सबैले आ-आफ्नो नागरिकताको प्रमाण-पत्र हातमा लिई आ-आफ्नो झोला, सुटकेशलाई एक्सरे मेशिनमा राख्ने काम शुरू भयो । यसपटक अन्य बेला भन्दा अत्यन्त सहजताका साथ सीमा पार गर्न पाईएको कुरा यसै यात्राका नेतृ हाम्रो बसका संयोजिका श्रद्धेय ध्यानवती गुरुमांबट सुखानुभाव सुन्न पाउँदा सबै धर्मयात्रीहरू हर्षित देखिएका थिए । यसरी कुनै किसिमको बाधा व्यवधान रहित भई छिमेकी मुलुक भारतको भूमि टेक्न सफल यस यात्राले पुनः करीब ८:२५ बजेतिर उक्त सीमास्थललाई पनि बिदाई गर्दै निरन्तरता दिए । यसरी अत्यन्त सहज एवं कुशलताका साथ अघि बढीरहेको यात्राले सबैमा सुखानुभूति गराई रहेको र यस अतिरिक्त ठीक समयमा आहार-विहार गराई अघि बढीरहेको कारण सबैमा मानसिक एवं शारीरिक सन्तुष्टी प्राप्त भैरहेको आभास सम्पूर्ण यात्रीहरूको अनुहारले नै प्रष्ट पारिरहेको थियो ।

जसै घडीको सुइले १०:०० बजेको संकेत दिंदैथियो । भनसपट्टी भन्ने स्थानमा रहेको पेट्रोल पम्प अगाडि गाडी रोकियो । फेरि हाम्रा यात्रा संयोजकज्यूबाट भोजन गर्ने स्थान आइपुगेको सूचित गर्दै विश्राम गर्नको लागि निर्देशन दिनुभयो । करिब ११:४५ बजेतिर पम्प अगाडिको खुला चौरमा भोजन समापन पछि उक्त दिनको गन्तव्य स्थल विश्वकै पहिलो गणराज्यको रूपमा चिनिने वैशालीतर्फ बस मोडियो । करीब २ घण्टाको यात्रापछि बाटामा पर्नी जैंतपुर, मोतिपुर, मुज्जफरपुर हुँदै वैशाली पुग्न सफल भइयो ।

त्यहाँ पुगेपछि पुरातात्विक एवं ऐतिहासिक महत्व रहेको बुद्धकालिन अस्थिधातु चैत्य, अभिषेक पुष्करणी पोखरी, जापानी गुरु फूजिद्वारा स्थापित उक्त स्थानबाट २ कि.मि. टाढा रहेको विश्व शान्ति स्तूपा दर्शन गरी दिनको ५:३० बजे बासस्थान श्रीलङ्कन विहार पुगियो ।

यस वैशाली गणराज्य बुद्धकालिन समयमा बज्जिहरूको अत्यन्त वैभवशाली एवं शक्तिशाली गणराज्य भएर पनि एकसमय वर्षा नभएको कारण खडेरी परेर पर्याप्त मात्रामा अन्न उब्जनी नहुँदा अनिकाल भएकोले अकालमा जनताहरूले ज्यान गुमाउनु परेको र हुँदा-हुँदा लाश समेत जलाउन नपाई यत्रतत्र छरपष्ट अवस्थामा रहेको कारण अमनुष्यभय, प्रेतभय आदिले सताएको र दुर्भिक्ष भयको शिकार बन्नुपर्दा भगवान् बुद्धलाई आमन्त्रण गरी उक्त दुर्भिक्षभयबाट मुक्त गराउन रत्नसूत्र देशना गर्नुभएको बारे श्रद्धेय भन्तेबाट विस्तार गर्नुभएको थियो । यत्तिमात्र नभई उक्त गणराज्यमा बुद्धको जीवनीसंग सम्वन्धित विशेष १० वटा घटनाहरूले महत्त्व राख्ने हुनाले यो स्थान बौद्ध जगतको लागि त्यत्तिकै दर्शनीय एवं संवेजनिय रहेको कुरा पनि उहाँले प्रष्ट पार्नु भएको थियो । उदाहरणको लागि रत्नसूत्र देशना, सप्त अपरिहानिय धर्मदेशना, आम्रपालीबाट आम्रवन दान, भिक्षुणी शासनको शुभारम्भ, बुद्धद्वारा आयु संस्कारण त्यागको घोषणा, बुद्ध महापरिनिर्वाणको १०० वर्षपछि दोस्रो संगायना आयोजन आदि । त्यस्तै महापरिनिर्वाणको २०० वर्षपछि मौर्य सम्राट अशोकद्वारा शीरमा सिंहको मूर्ति राखी अशोकस्तम्भ निर्माण गरिएको र उक्त सिंह उत्तर कुशीनगरतर्फ फर्किइएको हुँदा सिंह सेनापति शाक्यमुनि बुद्धले आफ्नो आयुसंस्कार त्यागको घोषणा र महापरिनिर्वाण स्थललाई संकेत गरिएको अर्थलाई प्रष्ट पार्ने कुराको पुज्य भन्तेबाट व्याख्या गर्नुभएको थियो ।

अन्तमा उक्त दिनको वास श्रीलङ्का विहारमा सहयात्रीहरू करुणारत्न, सुरेश, रोजन शाक्य, नरेन्द्र तण्डुकार, धर्मरत्न तुलाधर, गौतम बज्राचार्य र जगतमुनि बज्राचार्यका साथ रात बितायौं । ■ *क्रमशः*

***– खराब काम नगर्नु नै वेश । खराब काम गर्दा पछुतो हुन्छ । राम्रो काम गर्नु नै वेश, जुन काम गर्नाले पछि ताप हुँदैन । – धम्मपद***



# ओम् मणि पद्मे हुँ

✍ प्रेमलक्ष्मी तुलाधर, ङत

"**ओम् मणि पद्मे हुँ**" वाक्य करुणामययया हृदय (मन) खः । अथे जूगु कारणं थुगु शब्दयात करुणामय धाःसां छुं मपाः । थुगु वाक्ययात जप याय्गु व स्वचित्तं ब्वनेगु अवस्थाय् करुणामययात लुमंकाः याई । छगू कथं थ्व ध्यान वा जप हे खः ।

जगत संसार व सत्त्वप्राणीप्रति करुणा तयाबिज्याइम्ह व्यक्ति जूगु कारणं वसपोलयात करुणामय धाःगु खः । मेगु कथं धाय्गु खःसा वसपोल करुणाया सागर जूग कारणं हे वसपोलयात पद्मपाणि लोकेश्वर (बुंग करुणामय), आर्यावलोकितेश्वर (जनबहाः करुणामय), सृष्टिकान्ता लोकेश्वर (नाला करुणामय) व आनन्दारी लोकेश्वर (चोभार करुणामय) धकाः नामाकरण यानातःगु दु ।

वसपोल करुणामययात दुनुगलं निसें स्वचित्तं पूजा आराधना यानाः थःगु समस्या ज्यंकाबीत आशिका याय्गु याई । पद्मपाणि लोकेश्वरया पाखें थःगु आर्थिक अवस्था बाँलाकेगु लागि व अनिकाल मदयेका सहकाल याना बिज्याईम्ह व्यक्तिया रूपय् प्रार्थना याई, आर्यावलोकितेश्वर पाखें आयू स्वाकेगु प्रार्थना याई, सृष्टिकान्ता लोकेश्वर पाखें सन्तान प्राप्तिया आशिका याई, अथेहे आनन्दारी लोकेश्वर पाखें सुस्वास्थ्य लाभया कामना यासे भक्ति यानाच्वंगु खनेदु मनूतसें । उलिजक मखु मनूतय थः म्ह मफइबले करुणामययया थाय् लुँ देवा च्याकाः सत्वपूजा याय्गु तकनं चलन दय्कातःगु दु । "**ओम् मणि पद्मे हुँ**" या अर्थयात छकः थ्वीकेगु बाँलाःजू । थुकिया अर्थ थुकथं दु –

जि पलेस्वाँ थें पवित्र, शुद्ध व अमूल्य ज्वी फय्मा । जि सकसितं ज्याख्यले दुम्ह व मेपिन्त उद्धार याय् फय्मा धकाः कामना यानातःगु वाक्य खः । थुगु वाक्ययात देव गती च्वंपिं व्यक्तिपिसं तकनं आशिका याइगु शुद्ध हृदय वचन खः । अथे जूगु कारणं भीसं नं थुगु भिंगु आशिका याय्गु बाँला जू ।

भी जन्म ज्वीबले छुं मस्यूम्ह शुद्ध चित्त ज्वनाः जन्म ज्वी । तःधिकाः जुयावई अले विस्तारं अशुद्ध जुयावई, हारां, ल्वाय्सःम्ह, ईर्ष्या, द्वेष व क्लेशं भुंकाः फोहर चित्तम्ह जुयावै । थुकथं जन्म जूबले तुयू रंगम्ह खःसा तःधिकः जूलिसे पञ्चइन्द्रिय द्वार पाखें दुहाँवःगु रङ्गीविरङ्गी रङ्गं रङ्गिन यानावी भीगु चित्तयात । थ्व जूगुया कारण हे भी सामाजिक प्राणी जूगुलिं समाजं हःगु ह्यूपाः खः । भीगु समाजय् तःधं, चीधं, तःमि, चीमि, सःस्यूम्ह, मसः मस्यूम्ह आदि यक्वों भेदभावपूर्ण ब्यवहारत दयाच्वनी । थुजोगु संसार व समाजय् जीवन न्ह्याकेबले ध्याचले च्वनेथें ज्वीगु । पलेस्वां गथे ध्याचले ह्वइगु खः, अथेहे भीगु जीवन नं राग, द्वेष, मोहरूपी वातावरणं जाःगु ध्याचले ब्वलनाच्वंगु खः । तर पलेस्वां गथे ध्याचले ह्वःसां ध्याचः छफुति हे मकीकुसे ध्याचलं अलग्ग जुयाः ध्याचःया सतहं थहां वयाः यईपुक ह्वयाच्वनी, अथेहे भीनं समाजपाखें, पञ्चइन्द्रिय द्वारपाखें वयाच्वंगु क्लेशयात चीकु-चीकुं क्लेशं अलग्ग ज्वीगु अभ्यास यानाहुँ धकाः भगवान् बुद्धं दान, शील व ध्यानया अभ्यास याय्गु सल्लाह बिया बिज्याःगु खः । पलेस्वां भीगु लागि आदर्श खः । थुगु अभ्यास याय्त न्हापां करुणामययया स्वरुप पलेस्वांया थें पवित्र जीवन न्ह्याका यंके फय्क्य मालाच्वंगु दु । थुकथं पवित्र ज्वीमाःगु कारणं हे "**ओम् मणि पद्मे हुँ**" या वाक्ययात भीसं थ्वीके माः । थ्व छुं तन्त्र मन्त्र मखु । आदर्शमय वाक्य खः ।

ऊँ मणि पद्मे हुँया मेगु अर्थ सकल प्राणीपिनि प्रति ज्याख्यले दुम्ह ज्वीगु, सकसितं उपकार (याय्गु, सकल प्राणीप्रति दया, माया व करुणा तय्फय्क्यगु खः । करुणामय शब्दया अर्थ खःध्वः । देवलोक, मनुष्यलोक, प्रेतलोक, पशुपंक्षी लोक (तिर्यक लोक), नर्क लोक व दैत्य असुरलोक आदि खुगू लोकया प्राणीपिन्त नं छुँ दुःख-कष्ट मदय्मा धकाः इमित थम्हं फुकथं उपकार याय्गु हे करुणामययया मुख्य उद्देश्य जूवनी । अगती लानाच्वंपिन्त

तकनं उपकार यानाबिज्याईम्ह जूगु कारणं वसपोलयात करुणामय धाःगु खः ।

थुकथं करुणामय शब्दया अर्थयात थ्वीकाः करुणावान् बोधिसत्त्वपिनिगु आदर्श कयाः झीगु जीवन सुथां लाकेगु अभ्यास याय्गु लागि भगवान् बुद्धं झीत दान शील व ध्यानया अभ्यास याय्गु लँ क्यनाबिज्याःगु खः । बिना भेदभाव थःगु गच्छे अनुसार नय्मखंपिं, ल्वय्जूपिं, आर्थिक अवस्था कमजोरपिं समस्याय् लाःपिन्त फुपिसं फक्व गुहाली याय्गु हे करुणामयया परिभाषा खः । तर थुकथं जीवन न्ह्याके मफुगु कारणं हे ज्वी, झीगु समाज, परिवार व हलिँया कुंकुंलामय् व अन्तर्राष्ट्रिय ख्यलय् अराजकता व अशान्ति ब्वलानाच्वंगु दु ।

तर थुगु अमूल्य वाक्य "**ओम् मणि पद्मे हुँ**" या सार अर्थ हे हलिमय् च्वंपिं (संसारय् च्वंपिं) सकल प्राणीपिसं थःथःगु मनय् मैत्री व करुणायात थाय् बीगु, थुकियात अभ्यास याय्गु खः । मनूतसें थुकियात थ्वीकाः अभ्यास याय्फत धाःसा संसार स्वर्ग थें जुयाः छम्हं प्राणीं मेम्ह प्राणीयात थः भापी फै । अले थःपाखें कुशल धर्म पिनाः जीवन सार्थक याय्फै । बिस्तारं ध्याचलं थहाँ वय्फै । ध्याचलं अलग्ग जुयाच्वंगु पलेस्वांया मूल्य मान्यतायात थ्वीकाः झीसं थथःगु जीवन सार्थक याय्फय्मा धयागु थ्व लेखया सार खः । ■



*जन्मिसकेपछि बालकले यसरी घोषणा गरे – १) **अग्गोहमस्मिं लोकस्स** - म लोकमा अग्र छु । २) **जेट्ठोहमस्मिं लोकस्स** - म लोकमा जेष्ठ छु । ३) **सेट्ठोहमस्मिं लोकस्स** - म लोकमा श्रेष्ठ छु ।*

*यो सत्य वचन थियो । किनभने त्यस समय कुनैपनि लोकमा दश पारमिता, पूरा गर्ने अन्य कोही पनि थिएन । त्यसकारण उहाँ प्राणीहरू मध्ये अग्र, जेष्ठ र श्रेष्ठ हुनुहुन्थ्यो ।*

*उहाँले फेरि यसरी घोषणा गर्नुभयो– ४) **अयमन्तिमा जाति** - यो मेरो अन्तिम जन्म हो । ५) **नन्थिदानि पुनब्भवोति** - अब मेरो अर्को जन्म हुनेछैन ।*

*यो पनि सत्य घोषणा नै थियो ।* ***(यो घटना वैशाख पूर्णिमाको दिन घटिएको थियो । – सं.)***



# बौद्ध चारधाम तीर्थ यात्रा

✍ अनार शोभा कंसाकार

**१) यात्राको संकल्प र आध्यात्मिक पृष्ठभूमि :**

मलाई भगवान बुद्धको पावन जीवनी र बौद्ध दर्शनबारे गहिरो प्रज्ञा प्राप्त गर्ने तीव्र अभिलाषा थियो। सिद्धार्थ गौतमको जन्मदेखि महापरिनिर्वाणसम्मका ती महान् घटनाहरूलाई केवल पुस्तकका पानामा पढ्नुभन्दा ती स्थलहरूको साक्षात दर्शन गर्ने मेरो सानो उमेरदेखि संकल्प थियो। यसै सिलसिलामा २०८२/१०/२६ का दिन श्री धर्मकीर्ति विहारबाट आयोजित १३ दिने "बौद्ध चारधाम तीर्थ यात्रा" मा सहभागी हुने स्वर्ण अवसर मिल्यो। सुरुमा मेरो स्वास्थ्य अवस्थालाई लिएर केही अन्योल र संशय भए तापनि, बुद्धप्रतिको अटुट श्रद्धा र संकल्पले मलाई सकुशल यो आध्यात्मिक यात्रामा डोऱ्यायो।

**१) परियत्ति शिक्षाः किताब देखि बुद्ध भूमिसम्मको यात्रा :**

म परियत्ति पढ्ने विद्यार्थी भएकाले मैले किताबमा बुद्ध धर्म र पुराना विहारहरूको बारेमा धेरै पढेको थिएँ। तर ती ठाउँहरूमा आफैं पुगेर आँखाले देख्न पाउँदा मेरो पढाई अहिले बल्ल पूरा भएको जस्तो लागेको छ। बिताबमा पढेका कुराहरूलाई यी पवित्र ठाउँमा प्रत्यक्ष देख्दा मेरो मनमा ती सबै कुराहरू ताजा र साँचो भएर आएका छन्। यो यात्रा मेरो लागि एउटा "खुल्ला स्कूल" जस्तै भयो, जसले किताबको ज्ञानलाई वास्तविक अनुभवमा बदल्न मद्दत गऱ्यो।

**३) यात्राका प्रमुख गन्तव्यहरू र आध्यात्मिक सिकाई**

**● लुम्बिनी र ऐतिहासिक विरासत :**

यात्राको श्रीगणेश विश्व शान्तिका महानायक बुद्धको जन्मभूमि लुम्बिनीबाट भयो। लुम्बिनीको मायादेवी मन्दिर र अशोक स्तम्भ देख्दा मलाई यस्तो महसुस भयो, मानौं म धेरै वर्ष अगाडि फर्किएर सिद्धार्थ गौतम जन्मेको बेला आफैं त्यहाँ उभिरहेको छु। यो स्थलले मलाई शान्ति र करुणाको पहिलो पाठ सिकायो।

**● श्रावस्ती र अभिधम्मको गहिराइ :**

श्रावस्ती त्यो पावन भूमि हो जहाँ बुद्धले आफ्नो जीवनको सर्वाधिक समय (२४ वर्षावास) बिताउनुभएको थियो। उहाँले आफ्नी मातालाई अभिधम्म (उच्च सूक्ष्म दर्शन ) देशना गर्न यही नगरबाट देवलोक प्रस्थान गर्नुभएको प्रसङ्गले यसको महिमालाई झन् उच्च बनाएको छ। हामीले महाजन अनाथपिण्डकद्वारा निर्मित जेतवन विहारको भ्रमण गयौं। त्यहाँ बुद्धले प्रयोग गर्ने कुवाको अवशेष, अंगुलीमाल गुफा र अन्य विभिन्न विहारहरूको अवलोकन गऱ्यौं। त्यसपछि हामी लखनऊ पुगेर त्यहाँको प्रसिद्ध भुलभुलैया ( इमामबडा) र मुस्लिम राजाहरूका ऐतिहासिक दरबारहरू हेर्न गयौं।

**● सारनाथ र बनारसको यात्रा :**

हाम्रो यात्रा अगाडि बढ्दै सारनाथ (मृगदावन वन) पुग्यो। बनारसको काशी क्षेत्रमा हामीले गङ्गा नदीमा डुङ्गा सयर गर्नुका साथै प्रसिद्ध विश्वनाथ मन्दिरको पनि दर्शन गर्ने मौका पायौं।

**● बोधगया र बुद्धत्वको साक्षात्कार :**

बोधगया केवल एउटा स्थान मात्र होइन, यो त अज्ञानताको अन्धकारबाट ज्ञानको ज्योतिमा प्रवेश गर्ने मोक्ष द्वार हो। त्यो पावन बोधिवृक्ष मुनि बस्दा, बुद्धले प्राप्त गर्नुभएको 'सम्यक सम्बोधि' (पूर्ण ज्ञान) को मर्म बुझ्ने सानो प्रयास गरियो। बुद्धलाई क्षीर भोजन खुवाउने महिला सुजाताको गाउँ र उहाँले गर्नुभएको कठोर तपस्याका स्थलहरूले हामीलाई मध्यम मार्ग नै जीवनको उत्तम मार्ग हो भन्ने सत्य सिकाए। हामीले विभिन्न देशहरूले बनाएका विहारहरू, 'ब्ल्याक बुद्ध', ८० फिट अग्लो ध्यान मुद्राको प्रतिमा र १०० फिट लामो शयन मुद्राको बुद्ध

प्रतिमाको पनि दर्शन गयौं ।

**● राजगीर र गृद्धकुट पर्वत** :

हाम्रो यात्राको अन्तिमतिर हामी राजगीरको पहाडी भेगमा पुग्यौं । त्यहाँ राजा बिम्बिसारले दान गर्नुभएको वेलुवन विहारको अवशेष र राजगीर स्तूपमा रहेका भिक्षुहरूका गुम्बाहरू देख्न पाइन्छ । साथै पवित्र गृद्धकुट पर्वतको भ्रमणले यो यात्रालाई थप अर्थपूर्ण बनायो ।

**● नालन्दा** :

ज्ञानको प्राचीन केन्द्रः ऐतिहासिक नालन्दा विश्वविद्यालयको भग्नावशेषले प्राचीन कालको बौद्ध शिक्षा र प्रज्ञाको उचाइलाई स्मरण गराउँछ । अजातशत्रु र देवदत्तको प्रसङ्गले कसरी मानिसको तृष्णा र कुसंगतिले विनाश निम्त्याउँछ भन्ने गम्भीर पाठ सिकाउँछ । नालन्दा केवल एउटा शैक्षिक संस्था मात्र नभएर विश्वकै गौरवशाली इतिहासको एक जीवन्त पाना हो । तत्कालीन समयमा यो अन्तर्राष्ट्रिय स्तरको बौद्ध दर्शन अध्ययन गर्ने प्रमुख केन्द्र थियो, जहाँ करिब पाँच हजार विद्यार्थीहरूले ज्ञान हासिल गर्दथे । त्यहाँका कोठाहरूमा बत्ती राख्ने खोपाहरू, ठूला सभा कक्षहरू र साना-ठूला स्तूपहरू देख्दा तत्कालीन समयको शैक्षिक समृद्धिको स्पष्ट आभास हुन्छ । अचम्मको कुरा त के छ भने, ऐतिहासिक नालन्दा भन्दा करिब दुई किलोमिटरको दूरीमा 'नयाँ नालन्दा विश्वविद्यालय' पुनः सञ्चालनमा आएको छ, जहाँ अहिले पनि बौद्ध दर्शनका साथै अन्य विषयहरूको अध्ययन-अध्यापन भइरहेको छ ।

**● वैशाली : करुणा र परित्राणको सन्देश** :

त्यसपछि हामी वैशालीको पावन भूमिमा प्रवेश गऱ्यौं । यो त्यही स्थान हो जहाँ भगवान बुद्धले अनिकाल र महामारीबाट ग्रस्त जनतालाई मुक्ति दिलाउन 'रत्न सुत्त' को देशना गर्नुभएको थियो । उहाँको परित्राण पाठले वैशालीमा पुनः जीवन र शान्ति फर्काएको थियो । यहाँको अशोक विहार र बुद्धको पावन अस्थि धातुको संरक्षण गरिएको स्थलमा पुग्दा, बुद्धको करुणा सम्पूर्ण प्राणी जगतका लागि कति व्यापक थियो भन्ने महसुस हुन्छ । दोस्रो बौद्ध महासंगायनी भएको यो भूमिले बौद्ध धर्मको संरक्षणमा ठूलो भूमिका खेलेको छ ।

**४. सामाजिक यथार्थ र करुणाको प्रत्यक्ष बोध** :

बाटोमा देखिएका सुन्दर चराचुरुङ्गी र प्राकृतिक दृश्यहरूले मन बहलाए तापनि, केही दृश्यहरूले भने बुद्धको 'करुणा' लाई प्रत्यक्ष बोध गराए । विशेष गरी बोधगया र वैशाली जस्ता पवित्र स्थलहरूमा देखिएका गरिब, असहाय र शारीरिक रूपमा अशक्त मानिसहरूको अवस्था देख्दा मनमा वैराग्य जागृत भयो । ती दृश्यहरूले बुद्धको प्रथम आर्य सत्य - "संसार दुःखमय छ" – भन्ने कुरालाई मेरो आँखा अगाडि छर्लङ्ग पारिदिए । गयाको प्रत्येक पाइलामा देखिएका ती दुःखका स्वरूपहरूले मलाई अरूप्रति करुणा र दयाभाव राख्न प्रेरित गऱ्यो । बुद्धको दर्शन केवल शान्तिका लागि मात्र होइन, बरु संसारको दुःख देखेर त्यसको निवारणमा लाग्नु पनि रहेछ भन्ने यथार्थ मैले प्रत्यक्ष महसुस गरें ।

**५. कुशीनगर र परिनिर्वाणको अन्तिम सन्देश** :

कुशीनगर त्यो ठाउँ हो जहाँ तथागत बुद्धले आफ्नो 'आयु संस्कार' त्याग गरी महापरिनिर्वाण (जन्म-मरणको चक्रबाट पूर्ण मुक्ति) प्राप्त गर्नुभयो । बुद्धले अन्तिम पटक पानी पिउनुभएको जलकुण्ड र उहाँको दाह संस्कार गरिएको पवित्र स्थलको दर्शन गर्दा मनमा वैराग्य र शान्तिको अनौठो संगम महसुस भयो । यसले हामीलाई जीवनको अनित्यता को सर्वोच्च पाठ सिकाउँदै "अत्त दीपो भव" (आफ्नो प्रकाश आफैं बन) भन्ने अन्तिम प्रेरणा दियो ।

**६. प्रव्रज्या र आत्मिक शुद्धिकरण** :

यस यात्राको सबैभन्दा स्मरणीय र भावुक पक्ष अल्पकालीन प्रव्रज्या कार्यक्रममा सहभागी हुन पाउनु थियो । संरक्षक भिक्षुणी श्री धम्मवती गुरुमांको ९२ औं जन्मदिनको पावन अवसरमा आयोजित प्रव्रज्या कार्यक्रममा सहभागी हुन पाउनु हाम्रो लागि सौभाग्यको विषय थियो । पव्रज्याको अवधिभर आदरणीय गुरुमांहरू र वरिष्ठ भन्तेहरूबाट प्राप्त धर्म-देशनाले मनको अज्ञानता हटाउन मद्दत गऱ्यो । सुत्त पाठ, परित्राण, अभिधम्म चर्चा, पुण्यानुमोदन, अष्टशील र दश पारमिता जस्ता गम्भीर विषयहरूको ज्ञानले मेरो चेतनालाई थप प्रखर बनायो ।

*( क्रमशः पेज ४१ मा हेर्नुहोला )*



# आर्य अष्टाङ्गिक मार्ग

✍ प्रमिला तण्डुकार

**"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"**

सांसारिक दुःखबाट मुक्त गराउनका लागि परम सुख प्राप्त गर्न जन्ममरण भव चक्रबाट छुट्कारा पाउनको लागि, निर्वाण प्राप्त गर्नको लागि भगवान बुद्धले देखाई दिनु भएको मार्गलाई नै "आर्य अष्टांगिक मार्ग भनिन्छ। यो मार्गलाई मध्यम मार्ग पनि भनिन्छ। यो मार्गमा शील, समाधि र प्रज्ञाको मार्गलाई नै। **"आर्य अष्टाङ्गिक मार्ग"** भनिएको हो। शील, समाधि र प्रज्ञाको मार्गमा आठ वटा मार्ग अङ्गहरू भएको हुनाले नै **"आर्य अष्टाङ्गिक मार्ग"** भनिएको हो।

१) **शील :**

शील नै बुद्ध धर्मको पहिलो शिक्षा हो। पहिलो खुड्किलो हो। शीलको शिक्षा विना हामीले बुद्ध, धर्मको अरु शिक्षा लिन सकिंदैन। त्यसैले शील नै समाधि र प्रज्ञाको जग हो आधार हो।

**शील अन्तर्गत पर्ने मार्ग अङ्गहरू :**

**सम्यक वचन :**

दशवटा अकुशल कर्महरूमा वचनद्वारा चार वटा अकुशल कर्महरू छन्। ती हुन झुटो कुरा गर्नु, कडा वचन बोल्न, चुकली गर्नु, व्यर्थको कुरा गर्नु यी वचनबाट अलग रहेर शुद्ध वचन बोल्नुलाई सम्यक वचन भनिन्छ।

**सम्यक कर्मान्त :**

दसवटा अकुशल कर्महरूमा शरीरद्वारा गरिने तीन वटा कर्महरू छन् ती हुन् : प्राणि हिंसा गर्नु, चोरी गर्नु, ब्यभिचार गर्नु। यी कर्महरूबाट हामी अलग रहेर शारीरिक कर्म शुद्ध गर्नु नै सम्यक कर्मान्त हो।

**सम्यक् आजीविका :**

हामीले जीविका गर्दा हातहतियारको व्यापार, विषको व्यापार, मादक पदार्थको व्यापार, प्राणीहरूको बेचविखन (मार्ने मनसायले) व्यापारबाट टाढा रहेर निर्दोष पूर्वक जीविका निर्वाह गर्नुलाई सम्यक् आजिविका भनिन्छ।

२) **समाधि :**

समाधिले हाम्रो मनलाई नियन्त्रण गर्ने र वशमा राख्दछ।

**समाधि अन्तर्गतको मार्ग अङ्गहरू :**

**सम्यक् व्यायाम :**

सम्यक् व्यायाम भनेको ठिक प्रयत्न हो। आफूले अधिस्ठान गर्नु हो। यदि संयम हाम्रो मनमा अहिले सम्म नराम्रो विचार, नराम्रो प्रयत्न अकुशल कर्महरू उत्पन्न भएको छैन भने उत्पन्न नगराउन प्रत्यन्न गर्नु अधिष्ठान गर्नु हो। जसलाई सम्यक प्रयत्न भनिन्छ।

**प्रहाण प्रयत्न** : त्यसैगरी हाम्रो मनमा, विचारमा अकुशल विचारहरू उत्पन्न भएको छ भने त्यसलाई हटाउने हो। जसलाई प्रहाण प्रयत्न भनिन्छ।

**भावना प्रयत्न** : अहिलेसम्म उत्पन्न नभएको हाम्रा मनमा कुशल विचार उत्पन्न गराउन प्रयत्न गर्नु हो। जसलाई भावना प्रयत्न भनिन्छ।

**अनुरक्षण प्रयत्न** : उत्पन्न भइसकेको कुशल विचारलाई अझ बढाउने, अभ्यास गर्नु हो। जसलाई अनुरक्षण प्रयत्न भनिन्छ।

**सम्यक् स्मृति** : स्मृति भनेको सजग हुनु, होशमा बस्नु, सतर्क हुनु हो।

**कायानुपश्यना :**

कायानुपश्यनामा हामीले शारीरिक क्रियाकलापमा होश राख्नु, सजग हुनु, सतर्क भएर हामीले क्रियाकलाप गर्नु हो। जस्तै हामीहरू खाना खाईरहेको छ भने खाईरहेको छु। हिँडिरहेको छु भने हिँडिरहेको छु। यदि हामी ध्यान गरिरहेको छु भने ध्यान गरिरहेको छु भनि त्यस्मै होश पूर्वक, सजग र सतर्कपूर्वक हामीले क्रियाकलाप गर्नु हो।

**चित्रानुपश्यना :**

हाम्रो यो चित चञ्चल स्वभावको छ । जतातत्तै पुगि रहेको हुन्छ । यदि हामी ध्यान बसिरहेको अवस्थामा श्वासप्रश्वासमा होश राख्दा-राख्दै पनि हाम्रो यो चित भागि सकेको हुन्छ । हाम्रो चित्त भाग्ने बित्तिकै हामीले मेरो चित्त भागियो भागियो भनेर फेरि श्वास प्रश्वास मैं होश राख्ने । फेरि चित भाग्ने विक्तिकै चित भागियो भनेर होश र सजग पूर्वक ध्यान गर्ने हो ।

**वेदनानुपश्यना :**

हाम्रो जीवनमा कहिले सुख हुन्छ, कहिले दुःख हुन्छ । सुःख, दुःख दुबै अनित्य छ । सुःख भयो भनि नमात्तिनु, दुःख भयो भाने नआत्तिनु दुबै अनित्य हो भनि बुझेर त्यसमा होश र सजग भई सतर्कपूर्वक बस्नु हो ।

**धम्मानुपश्यना :**

धम्मानुपश्यना भनेको हाम्रो यो स्वभाव धर्म हो । हाम्रो चित्रमा कहिल्यै कहिले क्रोध उत्पन्न हुन्छ, कहिले आलस्य, अल्छिपना (थिन, मिद्ध) कहिले पश्चाताप, कहिले चञ्चल आकुल ब्याकुल भई रहेको हुन्छ । हामीले आफ्नो चित्तमा के कस्तो उत्पन्न भई रहेको छ त्यसमा हामीले होशपूर्वक सजग र सतर्क पूर्वक रहनु हो ।

३) **प्रज्ञा** : प्रज्ञा भनेको ज्ञान हो ।

**प्रज्ञा अन्तर्गत पर्ने मार्ग अङ्गहरू :**

**सम्यक दृष्टि :**

'सम्यक दृष्टि' भनेको यथार्थ दृष्टि सहि ज्ञान लिनु हो । हामीले कस्तो ज्ञानमा यथार्थ ज्ञान हुनु पर्दछ भने चतुरार्य सत्यमा दृष्टि, यथार्थ रूपले बुझ्ने ज्ञान हो । भगवान् बुद्धले बताउनु भएको छ चतुरार्य सत्य भनेको नै दुःख छ, दुःखको कारण छ, दुःखको निरोध छ, दुःख निरोधको मार्ग छ । दुःख निरोधको मागलाई नै आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । त्यसैगरी हामीले कर्म र कर्मफल प्रति विश्वास गर्नु पर्दछ । यदि हामीले धर्मको कर्म गरियो भने धर्मको फल पाइन्छ । अधर्मको कर्म गरियो भने अधर्मको फल पाइन्छ ।

**सम्यक संकल्प** : सम्यक् संकल्प भनेकै ठिक उद्देश्य र विचार गर्नु हो ।

**नैष्क्रम्य संकल्प** : नैष्क्रम्य संकल्पमा पनि हामीले कामसुखमा लिप्त नभई जीवनयापन गर्नु हो । पञ्चईन्द्रियमा हामी लिप्त नभई जीवन यापन गर्नेर उद्देश्य राख्नु हो ।

**अब्यापाद संकल्प :**

क्रोध रहित भएर बस्ने उद्देश्य राख्नु हो । हामीले कसैप्रति पनि रीस भाव, वैरभाव नराखी बस्नु हो ।

**अविहिंसा संकल्प :**

हिंसात्मक भावनाबाट रहित हुने विचार उद्देश्य राख्नु हो । कुनै पाने प्राणीहरूलाई मारकाट नगर्ने, दुःख नदिने विचार र उद्देश्य राख्नु हो ।

यसरी हामीलाई भगवान् बुद्धले दिनु भएको मार्ग एक मात्र मार्ग हो । यो हाम्रो सांसारिक जीवनबाट मुक्त हुनका लागि, परम सुख प्राप्त गर्नका लागि, जन्म मरण भवचक्रबाट छुटकारा पाउनको लागि तृष्णा र अविद्यालाई हटाउने मार्ग, ज्ञान बोध गर्ने मार्ग एक मात्र मार्ग निर्वाणको मार्ग हो । भगवान् बुद्ध स्वयंम हिँड्नु भएको मार्ग हो । सहि अर्थमा धर्म गर्नु भनेको "**आर्य अष्टाङ्गिक मार्ग**" लाई अपनाउनु हो ।

अन्त्यमा म के भन्न चाहन्छु भने अहिले जति पनि मनुष्यहरू छन् जति पनि सत्व प्राणीहरू छन्, आफ्नो-आफ्नो कर्मको फलले दुःख भोगिरहेका छन् । भगवान् बुद्धको यो "**आर्य अष्टाङ्गिक मार्ग**" को ज्ञानलाई नजानेर अज्ञानताको कारणले नै यस संसारमा भवचक्रमा जन्म-मरण भएर नै दुःख भोगि रहेका छन् ।

त्यसकारण हामीले पनि यो भगवान् बुद्धले दिनु भएको "**आर्य अष्टाङ्गिक मार्ग**" लाई हाम्रो दैनिक जीवनमा आचरणमा ल्याउन सकुन् । हामीहरू पनि जन्म-मरण भवचक्रबाट छुटकारा पाउन सकुन् । तृष्णा र अविद्यालाई हटाउन सकुन् । ज्ञान बोध गर्न सकून् । अन्त्यमा हामीले पनि निर्वाण धर्मलाई साक्षात्कार गर्न सकुन् । ■

भवतु सब्ब मङ्गलम् ।

*यो लेख - ४१ औं परियत्ति वक्तृत्वकला प्रतियोगितामा दोश्रो स्थान प्राप्त गर्न सफल भएको हो ।*
*केन्द्र- बसुन्धरा परियत्ति केन्द्र, बसुन्धरा विहार*





# श्रद्धेय भिक्षु सिङ्ग युनका धर्म चिन्तन

**अनुवाद- देवकाजी शाक्य**

- हामीले कारण र प्रभाव (परिणाम) को नियमलाई विरोध गर्न सक्दैनौं ।
- समय आइपुग्दा असल र खराब कर्मफलले हामीमाथि प्रभाव देखाउँछ ।
- हामीले सत्यको विरोध गर्न सक्दैनौं ।
- साँचो र झूठो, सक्कली र नक्कली समय आएपछि सबै थाहा हुन्छ ।
- जहाँ धर्म हुन्छ, त्यहाँ करुणा हुन्छ ।
- जहाँ धर्म हुन्छ, त्यहाँ प्रज्ञा हुन्छ ।
- जहाँ धर्म हुन्छ, त्यहाँ आस्था र विश्वास हुन्छ ।
- जहाँ धर्म हुन्छ, त्यहाँ तरिका हुन्छ ।
- सबैभन्दा गहिरो इच्छा पूरा गर्न सबैभन्दा कठिन हुन्छ ।
- अज्ञानताले अन्धकार ल्याउँछ ।
- घृणा नै सबभन्दा तीतो गुनासो र रीसको कारण बन्छ ।
- डाहा नै सबभन्दा ठूलो बाधक कारण हो ।
- जहाँ गल्ती हुन्छ, त्यहाँ सजायँ हुन्छ ।
- जहाँ उपलब्धि हुन्छ, त्यहाँ पुरस्कार हुन्छ ।
- जहाँ रोपिन्छ, त्यहाँ फसल प्राप्त हुन्छ ।
- जहाँ कर्म हुन्छ, त्यहाँ कर्मफल हुन्छ ।
- जसको स्वास्थ्य हुन्छ, त्यसको सौभाग्य हुन्छ ।
- जसको पुण्य हुन्छ, त्यसको जीवन हुन्छ ।
- जो सन्तुष्ट छ, उमङ्ग धन र आर्य गुण हुन्छ ।
- जो आरामसंग बस्न जान्छ, उ निश्चिन्त हुन्छ ।
- बुद्धिमान मानिसहरू भ्रमित हुँदैनन् ।
- जसलाई बुद्ध धर्मको विषयमा ज्ञान छ, ऊ भ्रष्ट चरित्रको हुँदैन ।
- उदार चित्त बोकेका मानिसहरू डाही हुँदैनन् ।
- शान्त प्रकृतीका मानिसहरू आपद विपदमा चिन्तित हुँदैनन् ।
- समाजमा चुनौतीबाट पन्छिनु भन्दा सामना गर्नु झन सजिलो हुन्छ ।
- व्यवसायमा सहनशीलता भन्दा जेहन्दारीता झन सजिलो हुन्छ ।
- सद्अभ्यासको शुरुमा मेहनत गर्नु अन्त्यसम्म निरन्तर लाग्नु भन्दा सहज हुन्छ ।
- तिमी बुद्धले देखाउनु भएको मार्गमा हिंड्दैनौ भने तिमीले बुद्ध स्वभावलाई पहिचान गर्न र प्राप्त गर्न सक्दैनौ ।
- शील पालन गर्दैनौ भने तिमीले आफ्ना कमी-कमजोरीहरू चाल पाउन सक्दैनौ ।
- ध्यान भावनाको अभ्यास गर्दैनौ भने तिमीले आफ्नो साँचो स्वभाव चिन्न सक्दैनौ ।
- प्रबुद्ध छैनौ भने तिमीले आफूलाई दुःखबाट मुक्त पार्न सक्दैनौ । ■



Lumbini-1970ies AD

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०८२/८३ | बुद्धपूजा गर्नुहुने श्रद्धेय गुरुमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
|---|---|---|---|
| १ | चैत्र १२ गते, अष्टमी, बिहिबार | वण्णवती | वण्णवती |
| २ | चैत्र १९ गते, ल्हुतिपुन्हि, बिहिबार | दानवती | धम्मवती |
| ३ | चैत्र २७ गते, शुक्रबार | मेत्तावती | मेत्तावती |
| ४ | २०८३ साल नयाँ वर्ष बैशाख १ गते संक्रान्ति मंगलबार | जवनवती | जवनवती |
| ५ | बैशाख ४ गते, औंशी, शुक्रबार | खेमावती | खेमावती |

## धर्मकीर्ति पत्रिकाका विशेष सदस्य

*क्र.सं. ९८१*

**केशव महर्जन (डंगोल)**

कालधारा, काठमाडौं

रकम रु. २०००/-

**– कोही संसारमा जन्म लिन्छन्, पापीहरू नर्कमा जन्मछन्, पुण्यवान् व्यक्तिहरू स्वर्गमा जन्मन्छन्, चित्तमल नभएका व्यक्तिहरू परिनिर्वाण हुन्छन् ।**

**– आकाश, समुद्र र पर्वतको प्वाल आदि जुनसुकै ठाउँहरूमा लुक्न गएपनि पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा कहीं पनि छैन ।**

**– आकाश, समुद्र र पर्वतका प्वाल आदि जुनसुकै ठाउँमा लुक्न गएपनि मरणबाट बच्न सकिने प्रदेश यस लोकमा कहीँ पनि छैन ।**

**– कुश समात्दा राम्ररी न समात्नेलाई हातमा घाउ हुनेछ । श्रमण धर्म (सन्यास) राम्ररी पालन गरेन भने नरक जानुपर्छ । – धम्मपद**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :* ..............................

*मदुगु दिं :*
ने.सं. ११४६ सिल्लाथ्व पञ्चमी
वि.सं. २०८२ माघ ९ गते

# दिवंगत अमीरकुमारी शाक्य

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीयात सुथां लाकेत थीथी इलय् थीथी पदय् संस्थापक उपाध्यक्ष, सचिव, सह-सचिव व सल्लाहकार जुयाः योगदान बियाच्वना दीम्ह नापं बुद्धधर्म सम्बन्धी च्वसु, चिनाखँ च्वयेगु नापं अल्पकालिन श्रामणेर/ऋषिणी प्रव्रज्या ज्याभ्वःया संयोजक जुयाः बुद्धधर्म चिरस्थायी यायेगु ज्याय् वय्कलं यानादिइगु योगदानयात गोष्ठीया सकल दुजःपिंसं गुणानुस्मरण यानाच्वना ।
वय्कःयात याकनं सुगति व निर्वाणया हेतु चूलायेमा धकाः पुण्यानुमोदन यानागु जुल ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी परिवार

धर्मकीर्ति विहार, श्रीघः, नःघः, यें ।



# Boddhisattvabhumi: The Lumbini Garden

**- Lekh Ratna Shakaya**

*Before Lord was born in Lumbini,*
*Heavenly Devas explained about Lumbini,*
*This land is known as the "Very Joyous" to all beings,*
*This would be the root to attain "enlightenment." Land,*
*Thus a first "Boddhisattva's bhumi" a Joyous land of this Earth.*

*After achieving enlightenment, The Lord's land of Lumbini,*
*This garden will know by all beings as "stainless" secondbhumi.*
